# भाग ४

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

माननीय अर्थ मन्त्री श्री भरतबहादुर प्रधानले २०४६ साल आषाढ २६ गते दिनुभएको आर्थिक वर्ष २०४६।४७ को बजेट वक्तव्य सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

सम्माननीय अध्यक्ष महोदय,

१.१ नेपाल अधिराज्यको आर्थिक वर्ष २०४६।४७ को आय व्यय विवरण लिएर राष्ट्रिय पञ्चायतको ४० औं अधिवेशनमा उपस्थित भएको छु। श्री ५ महाराजाधिराज सरकारको असीम निगाहबाट देशको अर्थ मन्त्रीको हैसियतले यस गरिमामय सदनमा चौथो पटक वार्षिक बजेट पेश गर्न पाएको-मा मौसूफ सरकार प्रति सभक्ति कृतज्ञता चढाउँदछु ।

१.२ आर्थिक वर्ष २०४६।४७ को बजेट प्रस्तुत गर्नु अगाडि देशको आर्थिक स्थिति बारे संक्षेपमा विश्लेषण गर्न चाहन्छु। यस सदनमा पेश गरेको आर्थिक वर्ष २०४५।४६ को आर्थिक सर्वेक्षणबाट विगत वर्षहरूमा देशले विभिन्न क्षेत्रमा गरेको प्रगति तथा चालू आर्थिक वर्षमा भएका आर्थिक तथा विकासका गतिविधिबारे माननीय सदस्यहरूमा विस्तृत जानकारी भएकै हुनुपर्दछ ।

१.३ देशको अर्थ व्यवस्थालाई सुदृढ पार्दै विकासको गतिमा तीव्रता ल्याउने उद्देश्यले आर्थिक वर्ष २०४३।४४ देखि आर्थिक समायोजनको कार्यक्रम सञ्चालन गरिएको हो । यस कार्यक्रमको कार्यान्वयनबाट देशमा सकारात्मक आर्थिक उपलब्धिहरू भएका छन् । कृषिको बाहुल्य भएको हाम्रो अर्थतन्त्रमा मौसमको अस्थिरताको बावजुद आर्थिक वर्ष २०४४।४५ मा कुल गार्हस्थ्य उत्पादन २०३१।३२ को मूल्यमा ९.७५ प्रतिशतले वृद्धि भै आर्थिक वर्ष २०४३।४४ र २०४४।४५ मा औसत ६.१ प्रतिशतका दरले प्रतिवर्ष वृद्धि भएको छ । राष्ट्रिय लगानी कुल गार्हस्थ्य उत्पादनको अनुपातमा करीब १९.७ प्रतिशत रहेको छ ।

१.४ आर्थिक वर्ष २०४२।४३ को दाँजोमा आर्थिक वर्ष २०४४।४५ मा राजस्व १.६ प्रतिशत विन्दुले वृद्धि भै कुल गार्हस्थ्य उत्पादनको १०.८ प्रतिशत पुगेको थियो भने बजेट घाटा पनि घटी १.२ प्रतिशत मात्र भएको थियो । विकास खर्च तर्फ पनि कुल विकास खर्च कुल गार्हस्थ्य उत्पादनको १२.३ प्रतिशतबाट १३.९



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रतिशत पुग्न गएको थियो । यसै गरी निर्यात व्यापार ३४ प्रतिशतले वृद्धि भै कुल गार्हस्थ्य उत्पादनको ६.१ प्रतिशत पुगेको थियो । बैंकिङ्ग क्षेत्रबाट सरकारी क्षेत्र र संस्थानमा जाने कर्जा क्रमशः घट्न गएकोले निजी क्षेत्रतर्फ बढी कर्जा प्रवाहित गर्न सकियो । मुद्रा प्रदायको वृद्धि दरमा पनि कमी आउन सक्यो । सोधनान्तर स्थितितर्फ निकासी व्यापार, पर्यटन क्षेत्र र अन्य सेवाबाट प्राप्त रकममा वृद्धि र वैदेशिक सहयोगको अधिकतम उपयोग भै सोधनान्तर स्थितिमा क्रमिक रूपमा सुधार हुन गई विदेशी विनिमय संचितिमा उल्लेखनीय वृद्धि भएको थियो ।

१.५ चालू आर्थिक वर्षको पहिलो आठ महीनासम्म देशको अर्थ व्यवस्था विभिन्न क्षेत्रमा आशा गरिए अनुरूप प्रगति भएको थियो । यस अवधिमा कृषि र औद्योगिक उत्पादनमा उल्लेखनीय वृद्धि हुनुको साथै मूल्य वृद्धि दर पनि घट्न गई करीब ८ प्रतिशत रहेको थियो । विकास खर्च नगदमा मात्र ३० प्रतिशतले वृद्धि भएको थियो । वैदेशिक सहायताको उपयोगमा उत्साहप्रद वृद्धि हुनुका साथै राजस्व पनि करीब १८ प्रतिशतले बढेको थियो । फलस्वरूप गतवर्षको दाँजोमा बजेट घाटा १.३ प्रतिशतले घट्न गयो । यस अवधिमा कुल निर्यात करीब २४ प्रतिशतले वृद्धि भई रू. ३ अरब १७ करोड पुगेको थियो । पैठारीतर्फ अपनाइएको खुला नीति र विकास निर्माण सामग्रीको बढ्दो पैठारीको कारणबाट कुल पैठारी वृद्धि भै रू. ११ अरब ४२ करोड पुगेको थियो । कुल पैठारीमा यसरी वृद्धि भए तापनि सेवाका साथै वैदेशिक सहयोगको उपयोगमा वृद्धि भएकोले सोधनान्तर स्थितिमा रू. १ अरब ३६ करोड बचत हुन गएबाट करीब ७ महीनाको पैठारीलाई धान्न पुग्ने गरी वैदेशिक विनिमय संचिति भएको छ । यी उपलब्धिहरूबाट प्रोत्साहित भएर श्री ५ को सरकारले कृषि, सिंचाइ तथा वित्तीय क्षेत्रमा अरू सुधार गर्ने दृष्टिकोण राखी आर्थिक समायोजन कार्यक्रमको दोस्रो चरण सञ्चालन गर्ने तयारी गर्दैछ ।

१.६ नेपाली अर्थतन्त्र यसरी सुदृढ हुँदै विकास प्रक्रियाको गति अगाडि बढी रहेको अवस्थामा छिमेकी राष्ट्र भारतसंगको व्यापार तथा पारवहनसम्बन्धी उत्पन्न गतिरोधको हामीले अकस्मात सामना गर्नु पर्‍यो । यो संकट त्यस्तो समयमा आइलाग्यो जब हामी यस वर्षको दैवीप्रकोप भूकम्पबाट पीडित परिवारको उद्धार कार्यको सामना गरी आर्थिक विकासमा फेरि सम्पूर्ण ध्यान केन्द्रित गर्न लागि-रहेका थियौं । प्रमुख व्यापार सम्बन्ध भएको देशसंग यस किसिमले अप्रत्याशित गतिरोध आउँदा अर्थतन्त्रमा ठूलो धक्का पर्नु र यसको हरेक पक्ष प्रभावित हुनु स्वाभाविक थियो ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१.७ मुख्यतः भारतले पेट्रोल, डिजेल, मट्टितेल, कोइला जस्ता आधारभूत वस्तुहरू नेपालमा निकासी गर्न निषेध गर्नुको साथै नेपाल–भारत व्यापारका २१ परम्परागत नाकाहरू र पारवहनका १५ नाकाहरूमध्ये केवल दुई नाका बाहेक अरू नाकाहरू बन्द गऱ्यो । यसबाट आन्तरिक आवागमनमा बाधा पुग्नुका साथै सामानको ओसारपसारमा अवरूद्ध हुन गै हाम्रो आपूर्ति व्यवस्थामा अवरोध आयो । आवश्यक इन्धन तथा वस्तुहरूको कमीले उद्योगहरूको सञ्चालन तथा विकास आयोजनाहरूको कार्यान्वयनमा प्रतिकूल असर पऱ्यो ।

१.८ भारत सरकारले नेपालसंग अति सौविध्य प्राप्त देशसंगको व्यापारिक व्यवहार गरेबाट नेपाली वस्तुको भारत निकासीमा उच्च भन्सार दर लाग्न गएकोले वस्तुहरूको निकासी हुन सकेन । यसरी हाम्रो निकासी पैठारी दुवै व्यापारमा ठूलो अवरोध खडा भयो । एकातिर देशभित्र उत्पादन गरिएका वस्तुहरूको ओसारपसारमा कठिनाइ भै आपूर्तिमा अवरोध भएबाट मूल्यमा चाप पर्नथाल्यो भने अर्कोतिर विदेशबाट आयात गरिएका सामानहरूको ढुवानी भाडा वृद्धि भएबाट पनि मूल्यमा प्रतिकूल प्रभाव पर्न गयो । समष्टिमा भारतको एकतर्फी कारवाहीबाट हाम्रो आर्थिक गतिविधिमा ठूलो अवरोध खडा हुनुको साथै हाम्रो अर्थतन्त्रले ठूलो आर्थिक भार वहन गर्नु परिरहेको छ ।

१.९ प्रारम्भिक अनुमान अनुसार यस गतिरोधबाट यस वर्ष कुल गार्हस्थ्य उत्पादनमा दुई अरब रूपैयाँ भन्दा बढीको नोक्सान पुग्ने देखिएको छ । कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर चालू वर्ष शुरूमा ५ प्रतिशत भन्दा बढी हुने लक्षण देखिएकोमा खासगरी गैरकृषिक्षेत्रमा पर्न गएको प्रभावको कारण अब यो घटेर १.५ प्रतिशत हुने अनुमान छ ।

१.१० यस परिस्थितिबाट सृजित कठिनाइलाई न्यून गरी जनसाधारणलाई राहत दिन श्री ५ को सरकारले विद्युत् र दाउरा जस्ता अत्यावश्यक वस्तुहरूको मूल्य कटौती गरी तिनको आपूर्तिमा वृद्धि गरिएको र मट्टितेल, पेट्रोल, डिजेल जस्ता इन्धनहरू विदेशबाट आयात गरी समुचित वितरण व्यवस्था गरेको माननीय सदस्यहरूलाई विदितै छ । आपूर्ति व्यवस्था नियमित तुल्याउन आयातमा लाग्ने अतिरिक्त भन्सार महशूल घटाउनुका साथै इन्धन लगायत अन्य आवश्यक वस्तुहरू खुला इजाजतपत्र प्रणाली अन्तर्गत विभिन्न मुलुकहरूबाट पैठारी हुन सक्ने व्यवस्था गरिएको हो । यस बाहेक बोलकबोल प्रणाली अन्तर्गत बढी इजाजतपत्र निश्काशन गर्नुको साथै प्रतीतपत्रको मार्जिन दरमा पनि कमी गरिएको छ ।

१.११ उद्योगहरूको सञ्चालनमा अवरोध आउन नदिन कच्चा पदार्थ तथा पार्टपूर्जाहरू, फर्नेस आयल, डिजेल, कोइला आदि आवश्यक परिमाणमा विदेशबाट आयात



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्न उद्यमीहरूलाई खुला इजाजतपत्रको सुविधा उपलब्ध गराइएको छ । औद्योगिक कच्चा पदार्थका साथै दैनिक आवश्यकताका वस्तुहरू र इन्धनको आपूर्ति बढाउन पैठारीतर्फ अपनाइएको खुला इजाजत पत्र प्रणालीबाट अनावश्यक परिमाणमा आयात भै विदेशी मुद्राको संचितिमा चाप पर्ने हो ।क भन्ने केही माननीय सदस्यहरूले चिन्ता प्रकट गर्नु भएको प्रति म जागरूक छु । यस किसिमको स्थिति हुन नदिन विनिमय संचितिको निरन्तर अनुगमन भइरहेको व्यहोरा जानकारी गराउँदछु ।

१.१२ निकासीतर्फ अन्य मुलुकहरूमा निकासी हुने गरेका वस्तुको उत्पादन वृद्धि गराउन र भारतमा निकासी भैरहेका परम्परागत वस्तुहरूको लागि अन्य बजार खोज्ने कार्यमा उद्यमीहरूलाई सघाउन श्री ५ को सरकार प्रयत्नशील छ । निकासी प्रवर्द्धन गर्न छाला, सूठो, हैसियन लगायत केही अन्य निर्यात गरिने वस्तुहरूमा नगद अनुदान दिने व्यवस्था पनि गरिएको छ ।

१.१३ यी कदमहरूको अवलम्बनबाट केही सकारात्मक असरहरू अनुभव गर्न थालिएको छ । इन्धनको आपूर्तिमा सुधार आएकोले सार्वजनिक यातायात र अन्य सवारी साधनहरूको सञ्चालनमा केही सुधार भएको छ भने दैनिक आवश्यकताका वस्तुहरूको आपूर्ति पनि क्रमशः सुध्रंदै गएको छ । त्यस्तै उद्योगहरूको निम्ति चाहिने कच्चा पदार्थ, पार्टपूर्जा, इन्धन आपूर्तिमा पनि क्रमिक रूपले सुधार हुँदै आएको छ । निकासीतर्फ पनि भारतमा निकासी हुने गरेका वस्तुहरूको अन्य मुलुकहरूबाट माग प्राप्त हुन थालेको र यस्ता केही वस्तु निर्यात हुन शुरू भै सकेको छ ।

१.१४ भारतसंगको गतिरोधबाट अर्थतन्त्रमा पर्न सक्ने प्रतिकूल असरलाई न्यून पार्ने उद्देश्यले श्री ५ को सरकारको २२ बुँदाको आर्थिक कार्यनीति जनसमक्ष आइसकेको छ । उक्त कार्यनीतिमा अत्यावश्यक वस्तु तथा आधारभूत सामान तथा कच्चा पदार्थको आपूर्ति र वितरणलाई नियमित तुल्याउने जस्ता अल्पकालीन कार्यक्रम, स्रोत परिचालन र निर्यात प्रवर्धन गर्ने जस्ता मध्यकालीन कार्यक्रम र वैकल्पिक उर्जा स्रोतको विकास र विद्युत्मा आधारित सार्वजनिक यातायात विस्तार गर्ने जस्ता दीर्घकालीन कार्यक्रम समावेश गरिएका छन् । केही अल्पकालीन कार्यहरू श्री ५ को सरकारले कार्यान्वयनमा ल्याइसकेको छ र अन्य केही कार्यहरू आगामी वर्षको कार्यक्रममा समावेश गरेको छु ।

१.१५ वर्तमान समस्या हाम्रो सामु एक चुनौतीको रूपमा खडा भएको छ भने यसले देशलाई आत्म निर्भरतातिर लान हामीलाई एक ठूलो मौका पनि दिएको छ । आगामी वर्षको बजेट तथा कार्यक्रम यही अवसरलाई सदुपयोग गर्ने लक्ष्यतिर उन्मुख छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## २

२.१ अर्थतन्त्रले विगतका वर्षहरूमा गरेको प्रगति र हाल केही समय यता नेपाल भारतबीच व्यापार तथा पारवहनमा उत्पन्न गतिरोधबाट राष्ट्रिय अर्थ व्यवस्थामा तत्कालै परेका प्रतिकूल प्रभावहरूबारे मैले संक्षेपमा माथि विवेचना गरें। यसको असर आगामी वर्ष पनि रहनेछ। तर यसबाट अर्थ व्यवस्थामा पर्न सक्ने संकुचनलाई रोक्नु नै हाम्रो सामु एक ठूलो चुनौती छ।

२.२ आगामी आर्थिक वर्षको बजेटको मुख्य लक्ष्य यो चुनौतीलाई सामना गरी सरकारी तथा निजी क्षेत्रको गतिविधिमा सबलता ल्याई उत्पादन तथा वितरण व्यवस्थाका साथै रोजगार स्थितिमा सुधार ल्याउने रहेको छ।

२.३ श्री ५ महाराजाधिराज सरकारबाट यस सदनलाई बक्स भएको शाही सम्बोधनलाई हृदयंगम गरी श्री ५ को सरकारको २२ सूत्रीय आर्थिक कार्यनीति अनुरूप आगामी आर्थिक वर्षको बजेटको नीति र कार्यक्रमहरूको तर्जुमा निम्न उद्देश्यहरू प्राप्ति गर्नमा परिलक्षित गरेको छ।

क. उत्पादन, वितरण तथा रोजगारका अवसरहरू वृद्धि गर्न सरकारी तथा गैरसरकारी क्षेत्रको आर्थिक क्रियाकलापमा वृद्धि गर्नु, र

ख. उत्पादन वृद्धि गरी सर्वसाधारण जनताको आवश्यकताका वस्तुहरूको आपूर्ति व्यवस्थित गरी मूल्य नियन्त्रण गर्नु।

२.४ उपर्युक्त उद्देश्यहरू परिपूर्तिका लागि निम्नलिखित कार्यनीतिहरू अपनाइएका छन्।

- दैनिक आवश्यकताका वस्तुका साथै इन्धनको आपूर्ति तथा भण्डारको व्यवस्था गरी वितरण प्रणालीमा सुधार गर्ने।
- कृषि र औद्योगिक क्षेत्रमा आवश्यक उत्पादन सामग्रीहरू र कच्चा पदार्थ आपूर्तिमा अरू सुधार गर्ने,
- आधारभूत आवश्यकताका कार्यक्रमहरूका साथै प्राथमिकता प्राप्त कार्यक्रमहरूमा लगानीको प्रवाह गर्ने,
- लगानी र बचतमा प्रोत्साहन गर्ने तथा आवश्यक साधन स्रोतको परिचालन गर्न उपयुक्त वित्तीय र मौद्रिक नीतिको अवलम्बन गर्ने,
- वित्तीय क्षेत्रको कार्यविधिमा सुधार गरी पूंजी बजारको विकास गर्ने।
- निजी क्षेत्रलाई आर्थिक गतिविधिमा अरू बढी संलग्न गराउन उदार नीति अवलम्बन गर्ने, र
- आर्थिक विकेन्द्रीकरण र जनसहभागितालाई बढवा दिने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.५ सर्वप्रथम जनताका जीवनस्तर क्रमिक रूपले माथि उठाउँदै लैजाने दीर्घकालीन लक्ष्य हासिल गर्न उत्पादन वृद्धिद्वारा समस्त आर्थिक क्रियाकलापमा नै वृद्धि गर्दै लैजानु पर्ने भएबाट आगामी वर्ष उत्पादन वृद्धि गर्न बढी जोड दिइएको छ । यसका लागि कृषि क्षेत्रमा उन्नत बीउ एवं रासायनिक मलको आपूर्तिमा वृद्धि र वितरणमा सुधार गर्नुको अतिरिक्त सिंचाइ सुविधाको उपयोगमा वृद्धिका साथै व्यावहारिक र उत्पादनमूलक अनुसन्धान एवं प्रसार कार्यक्रममा विशेष जोड दिइनेछ ।

२.६ कृषि उत्पादनमा वृद्धि ल्याउन सकेमा जनताका लागि चाहिने खाद्य पदार्थ र कृषिजन्य उद्योगहरूका लागि कच्चा पदार्थ आन्तरिक स्रोतबाटै पूर्ति हुने मात्र नभई बहुसंख्यक कृषकहरूको क्रयशक्ति बढ्न गई अन्य उपभोग्य वस्तु र सेवाहरूको मागमा आउने वृद्धिले आर्थिक गतिविधिलाई नै सघाउ पुग्ने कुरा निर्विवाद छ । तसर्थ कृषि क्षेत्रलाई आर्थिक विकासको अगुवा क्षेत्रको रूपमा परिचालन गर्ने उद्देश्य अनुरूप यस क्षेत्रको संगठनात्मक विकास कार्य निर्धारित कार्यक्रमबमोजिम सञ्चालन गरिनेछ । हालसम्म आयात गरी आन्तरिक माग पूर्ति गरिएका कृषि-जन्य वस्तुहरूको देशमा नै उत्पादन वृद्धि गरी आपूर्ति गर्ने उद्देश्यले कृषिमा आत्मनिर्भर कार्यक्रम सञ्चालन गर्नमा अरू जोड दिइनेछ । कृषि कार्यक्रमलाई बढी उत्पादनमूलक बनाउने क्रममा कृषकहरूलाई आवश्यक प्रविधि, ऋण र अन्य सामग्री उपलब्ध गराउन कृषि विकास कार्यमा संलग्न संस्थानहरूलाई प्रभावकारी रूपले परिचालन गरिनेछ ।

२.७ यस क्रममा रासायनिक मल वितरण प्रक्रियामा सुधार ल्याउने सिलसिलामा मल वितरण नियमावली लागू गरी सकिएको छ । रासायनिक मलको वार्षिक आयात र सञ्चिति परिमाणमा वृद्धि गर्दै जाने नीतिको पूरकको रूपमा वितरण प्रणालीमा गरिएको यस सुधारले कृषकहरूलाई रासायनिक मल निर्बाध र सुलभ किसिमले ठीक समयमा उपलब्ध गराउन मद्दत पुग्ने विश्वास लिएको छ ।

२.८ सिंचाइ क्षेत्रमा सम्पन्न सिंचाइ आयोजनाको सञ्चालन, मर्मत र सम्भारमा कृषकहरूको सक्रिय सहभागिता जुटाउन र साना तथा मझौला सिंचाइ विकास उपभोक्ता समूहकै सक्रियतामा सञ्चालन गर्न कृषक समूहको गठनलाई कानूनी आधार प्रदान गर्न नयाँ सिंचाइ नियमावली हाल लागू गरिएको छ । यसको लागि कृषक समूहद्वारा आयोजना कार्यान्वयन गर्ने प्रक्रिया तयार भै सकेको छ । कृषकहरूबाट माग सङ्कलन गरी केही आयोजनाहरू कार्यान्वयनका लागि छनौट पनि गरी सकिएका छन् । यस व्यवस्थाले सिंचाइ आयोजनाको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रारम्भिक कार्यदेखि सञ्चालन तथा सम्भारमा समेत कृषकहरूको सहभागिता रहनेछ ।

२.९ दैनिक जनजीवन र प्राकृतिक वातावरणमा वनक्षेत्रको महत्त्वपूर्ण भूमिकालाई ध्यानमा राखी यसै वर्षदेखि यस क्षेत्रको बृहत्तर सुधार गर्ने कार्यको थालनी भएको हो । वन विकास गुरु योजना जनसमक्ष आइसकेको छ । वनको संरक्षण सम्बर्द्धन र व्यवस्थापनमा जनसहभागिता बढाउने दृष्टिकोणले पञ्चायती वन र कबुलियती वन नियमावलीमा संशोधन गर्नुको साथै निजी वन नियमावली लागू गरिएको छ । पञ्चायती वन र पञ्चायत संरक्षित वनको व्यवस्थापन स्थानीय पञ्चायतद्वारा विकेन्द्रीकरण अन्तर्गत गठन गरिएको उपभोक्ता समूहले गर्ने र त्यसबाट प्राप्त सम्पूर्ण आम्दानी वनकै विकास र संरक्षणको लागि सम्बन्धित पञ्चायतले पाउने नीति कायम राखिएको छ । कबुलियतमा वन सञ्चालन गर्न चाहने व्यक्तिले ५० वर्ष र उद्योगले ९० वर्ष सम्मको कबुलियत गर्न सक्ने र त्यसबाट उत्पादित वस्तुहरू आफूखुशी प्रयोग गर्न पाउने व्यवस्था पनि भएको छ । वन जङ्गलको संरक्षण र सम्बर्द्धनमा विस्तार गर्न व्यक्ति विशेषले आफ्नो हकभोगको जग्गामा निजी वन लगाउन प्रोत्साहन गरिनेछ । वन विकासको यस विस्तृत कार्यक्रमबाट रोजगारीको अवसर बढाउन मद्दत पुग्नेछ ।

२.१० उद्योग क्षेत्रमा कच्चा पदार्थको आपूर्ति व्यवस्थामा सरलता र आवश्यक प्रोत्साहन प्रदान गर्ने व्यवस्थाबाट विगत केही वर्षदेखि औद्योगिक उत्पादनमा सकारात्मक प्रभाव परेको छ । आगामी वर्ष पनि यस व्यवस्थालाई कायमै राखी कच्चा पदार्थ आपूर्ति कार्यलाई अझ बढी सरल तुल्याउनुको साथै आयात प्रतिस्थापनतर्फ जोड दिइनेछ । आन्तरिक माग पूरा गर्न सक्षम भैसकेका उद्योगहरूलाई उचित संरक्षण र प्रोत्साहन दिन यस्ता उद्योगले उत्पादन गर्ने वस्तु केवल इजाजतपत्रबाट मात्र पैठारी गर्न सकिने व्यवस्था गरिनेछ । यस्तै उद्योगहरूको विकास र सम्बर्द्धनका लागि आवश्यक पूंजी उपलब्ध गराउन औद्योगिक कर्जा प्रवाहमा विस्तार गरिनेछ भने उत्पादनको गुणस्तर बढाउन र विविधिकरण गर्न चाहिने प्रविधि, उपकरण र औजार झिकाउन आवश्यक सुविधा पनि दिइनेछ ।

२.११ औद्योगिक उत्पादन र रोजगारको दृष्टिकोणबाट स्वदेशी श्रम र साधनमा आधारित घरेलु उद्योगको विशेष भूमिका रहेको छ । घरेलु उद्योगले बहुसंख्यक नेपालीको लत्ता-कपडा, गलैंचा, हस्तकला, कागज जस्ता वस्तुहरूको आन्तरिक खपत तथा निर्यातमा प्रत्यक्ष सहयोग पुऱ्याई आएको छ । अर्थतन्त्रमा रोजगारीको अवसर प्रदान गर्नुको अतिरिक्त जनताको क्रय शक्तिमा वृद्धि गर्न महत्त्व-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २६०

पूर्ण योगदान भएकोले नै घरेलु व्यवसायलाई हामीले विशेष सहुलियत प्रदान गर्दै आएका हौं। यी सुविधा र सहुलियतलाई कायम राख्दै आगामी वर्ष यसलाई अरू प्रभावकारी बनाइनेछ।

२.१२ कृषि, वन र उद्योग क्षेत्रमा प्रस्तावित कार्यक्रमहरूबाट रोजगारीको थप अवसर सिर्जना हुनुको साथै आयस्तर वृद्धि गर्नमा ठूलो सघाउ पुग्ने विश्वास लिएको छु।

२.१३ विगत केही वर्षदेखि निकासी तथा पैठारी नीति बढी सरल एवं खुल्ला गर्दै आएको माननीय सदस्यहरूलाई अवगतै छ। आगामी वर्ष यस नीतिलाई अझ बढी उदार बनाइनेछ। निकासीतर्फ निकासी वृद्धिका साथै देशगत र वस्तुगत विविधिकरण-लाई प्रोत्साहन दिन निकासी अनुदानको हालको व्यवस्था कायम गर्नुका साथै अन्य थप निकासीयोग्य वस्तुहरूको पहिचान गर्ने, बण्डेड वेयर हाउस प्रणालीमा आवश्यक सुधार गर्ने, निकासीयोग्य वस्तुको उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ आदिमा लागी आएको भन्सार तथा अन्य महशूल फिर्ता दिने र निकासी कर्जाको प्रवाहमा वृद्धि गर्ने नीति लिएको छु।

२.१४ निकासी गरिने वस्तुको उत्पादनमा प्रयोग हुने वस्तुहरूको पैठारी गर्न स्वतः आयात इजाजतपत्र दिनुका अतिरिक्त ऊनी गलैंचाको उत्पादनको लागि कच्चा ऊन पैठारी इजाजतमा प्रिमियम नलाग्ने व्यवस्था गरिएको छ। आगामी वर्ष निकासी वस्तुहरूमा लाग्ने निर्यात महशूल घटाइनेछ। यस बाहेक विदेशमा चाँदी एवं सुनका गहनाहरूको लोकप्रियतालाई दृष्टिगत गरी चाँदीको साथै सुनको गहना निकासीलाई प्रोत्साहित गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

२.१५ पैठारीतर्फ खुला आयात इजाजतपत्रको व्यवस्था अन्तर्गत केही मेशिनरी र अर्ध तैयारी वस्तुका साथै कच्चा पदार्थ एवं उपभोग्य वस्तु समावेश गरी यसमा विस्तार गरिनेछ। पैठारीतर्फको बोलकबोल व्यवस्थामा अरू सुधार गरिनेछ। औद्योगिक कच्चा पदार्थको आपूर्तिका लागि कार्यान्वयन गरिएको पासबुकको व्यवस्था कायमै गरिएको छ। पैठारीतर्फ गरिएको उपरोक्त व्यवस्थाबाट कच्चा पदार्थ र मेशिनरी आदिको आपूर्तिको अतिरिक्त उपभोग्य वस्तुहरूको आपूर्तिमा अझ सुगमता आई वितरण र मूल्यमा अनुकूल प्रभाव पर्ने विश्वास लिएको छु।

२.१६ दैनिक उपभोगका वस्तुहरूको आपूर्ति नियमित गराउन उत्पादन वृद्धिका साथै पैठारी सरल तुल्याइनेछ। आवागमनको कठिनाइलाई ध्यानमा राखी आवश्यक सरसामान सुदूर पश्चिमाञ्चल लगायत अन्य दुर्गम क्षेत्रमा पुऱ्याउने व्यवस्था सुदृढ गरिनेछ। यस क्रममा आवश्यक वस्तुहरूको आपूर्ति नियमित गर्न तथा मूल्य


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुगमन गर्न श्री ५ को सरकारले हालै मात्र केन्द्रीय स्तरदेखि क्षेत्रीय, जिल्ला, इलाका र स्थानीय गाउँ वा नगर पञ्चायत स्तरसम्म संस्थागत बन्दोबस्त मिलाएको माननीय सदस्यहरूलाई बिदितै छ। यसबाट आपूर्तिमा सुगमता आउनुको साथै मूल्यमा देखिएको विकृतिलाई हटाउन सघाउ पुग्नेछ भन्ने कुरामा विश्वस्तछु।

२.१७ अति आवश्यक वस्तुहरूको आपूर्ति र भण्डार व्यवस्थामा आवश्यक सुधार ल्याई वितरण व्यवस्था नियमित तुल्याउने क्रममा पेट्रोलियम पदार्थ खासगरी मट्टीतेल, डिजेल र पेट्रोल लगायत अन्य पेट्रोलियम पदार्थहरूको आपूर्तिका लागि वैकल्पिक स्थायी स्रोतको व्यवस्था गर्नुका साथै अधिराज्यका विभिन्न स्थानहरूमा थप सुरक्षा भण्डारको व्यवस्था गरी हालको क्षमतामा उल्लेखनीय वृद्धि गराइनेछ। आगामी वर्ष विभिन्न स्थानहरूमा सुरक्षा भण्डारको निर्माण गर्नुको अतिरिक्त निजी क्षेत्र र संस्थानहरूलाई पनि भण्डारको व्यवस्था गर्न प्रोत्साहन गरिनेछ। यसका साथै ढुवानी क्षमता विस्तार गर्न निजी क्षेत्रलाई टैंकर ट्रकका लागि आवश्यक कर्जाको व्यवस्था मिलाइनेछ।

२.१८ हाम्रो विकास प्रयास सामान्यतया श्रममूलक रहेकोले आर्थिक गतिविधि शिथिल भएमा रोजगारीमा प्रतिकूल असर पर्ने स्वतः स्पष्ट छ। जनबलको बाहुल्य रहेको हाम्रो देशमा उपयुक्त तालीमबाट नै श्रमिकहरूको रोजगारीमा वृद्धि गर्न सकिनेछ। त्यसैले आगामी वर्ष व्यवसायिक सीप-विकास तालीम र श्रमिक तालीम विस्तार गरिने कार्यक्रम छ। शहरी क्षेत्रमा बढ्दो शिक्षित बेरोजगारीको समस्यालाई दृष्टिगत गरी त्यस्ता बेरोजगार व्यक्तिलाई सम्भाव्य उद्योग तथा अन्य व्यवसाय सञ्चालनका लागि बैंकहरूबाट ऋण दिने कार्यको दायरा र प्रभावकारिता बढाइनेछ।

२.१९ उद्यमीहरूलाई उत्पादनशील कार्यमा प्रोत्साहन दिन श्री ५ को सरकारले अनुदान दिने नीति अपनाउँदै आएको माननीय सदस्यहरूलाई विदितै छ। यस क्रममा बैंकहरूबाट गोबर ग्यांस, स्यालो ट्यूबवेल, साना जलविद्युत आयोजना जस्ता शीर्षकहरूमा दिइने पूंजी अनुदानबाट यी प्रविधिहरुको प्रयोगमा उत्साहवर्धक प्रगति भएको छ भने रासायनिक मलको मूल्य तथा ढुवानीमा दिइएको अनुदानबाट मलको खपत बढाउन सघाउ पुगेको छ। त्यसै गरी फलफूल, चिया, माछा पालनको विकासमा व्याज अनुदानको महत्वपूर्ण भूमिका रहेको छ। हालको अवस्थामा यस्ता अनुदानहरूको उपयोगिता अझ बढेको छ। त्यसैले यी क्षेत्रहरूमा पूंजी र व्याज अनुदान दिने वर्तमान व्यवस्था आगामी वर्ष पनि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कायम राखेको छ । यस बाहेक जनसहभागिताद्वारा सञ्चालन गरिने खानेपानी तथा ट्ल निर्माण, साना तथा मझौला सिंचाइ आयोजनाको निर्माण र वन लगाउने कार्यक्रममा गत वर्षदेखि शुरू गरिएको अनुदान नीति यथावत राखिएको छ । खाद्यान्न र मल ढुवानीमा दिई आएको अनुदान पनि कायम गरेको छ । सरकारी संस्थानहरूबाट उपलब्ध गराइने अरू वस्तु तथा सेवाहरूको मूल्यमा बजार अनुकूल सुधार गर्दै लैजाने नीति अवलम्बन गरिनेछ ।

२.२० शिक्षातर्फ आधारभूत आवश्यकता अन्तर्गतको प्राथमिक शिक्षा कार्यक्रमलाई जोड दिने नीति कायम राखिएको छ । प्राविधिक जनशक्तिको आपूर्तिका लागि प्राविधिक शिक्षालयहरू विस्तार गर्दै लाने नीति कार्यान्वयन गरिनेछ । विद्यालय स्तरको शिक्षाको गुणस्तर बढाउने अभिप्रायले शिक्षाको अवधिमा २ वर्ष थप गरी उच्च माध्यमिक तहको १०+२ व्यवस्था क्रमशः कार्यान्वयन गर्दै जान आगामी वर्ष आवश्यक पूर्व तयारी गरिनेछ । अधिराज्यभित्र स्तरीय स्कूल खोल्न निजी क्षेत्रलाई प्रोत्साहन दिने नीति कायमै राखेको छ ।

२.२१ स्वास्थ्य क्षेत्रमा प्रतिकारात्मक कार्यक्रम, प्राथमिक उपचार र परिवार नियोजन जस्ता जनसंख्या वृद्धि नियन्त्रण गर्ने कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरिने कार्यक्रम जारी रहनेछ । आत्मनिर्भरता हासिल गर्दै जाने क्रममा देश बाहिर गई स्वास्थ्य उपचार गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्न देशभित्रै उच्च स्तरको अस्पताल सञ्चालन गर्न निजी क्षेत्र वा गैरसरकारी संस्थाहरूलाई प्रोत्साहित गरिनेछ । त्यस्तै आवश्यक औषधिहरू देशभित्रै उत्पादन गर्न प्रोत्साहन दिइनेछ ।

२.२२ सरकारी स्वामित्वमा रहेको संस्थानहरूको क्रियाकलापमा सुधार गर्न श्री ५ को सरकार प्रयत्नशील छ । संस्थानहरूको वित्तीय अनुशासन र लेखापरीक्षणमा मौलिक सुधार ल्याइनेछ । सरकारी संस्थानहरूको निजीकरण प्रक्रिया अगाडि बढ्न नसकेकोले यसको वृहत कार्य योजना तयार गरी कार्यान्वयन गर्ने कार्यक्रम छ ।

२.२३ भारतसंगको हालको गतिरोधबाट आगामी वर्ष देशको आर्थिक गतिविधिमा केही शिथिलता आउन सक्ने सम्भावना रहेको बारेमा मैले अघि नै उल्लेख गरिसकेको छु । आर्थिक गतिविधिमा शिथिलता आउन नदिन मागलाई वाञ्छित सीमासम्म कायम राख्नु पर्ने हुँदा रोजगार र आयमा प्रतिकूल प्रभाव पर्न नदिन निजी क्षेत्रका साथै सरकारी क्षेत्रको गतिविधिमा पनि शिथिलता आउन दिनु हुँदैन । यस कुरालाई दृष्टिगत गरी आन्तरिक साधनको अपर्याप्तताको बावजुद आगामी वर्ष सरकारी खर्चको स्तरमा केही वृद्धि गर्ने प्रस्ताव गरेको छु ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.२४ वर्तमान समस्याको परिप्रेक्ष्यमा राजस्व परिचालनमा विगतमा हासिल गरिएका उपलब्धि कायम राख्न नसकिने स्पष्ट छ । यसरी एकातिर सरकारी खर्च केही बढाउनु पर्ने र अर्कोतिर राजस्व परिचालन वाञ्छित रूपमा वृद्धि हुन नसकेमा बजेट घाटा बढाउने कि विदेशी सहायता माथि निर्भरता बढाउने दुई विकल्प मध्ये एक रोज्नुपर्ने हुन्छ । आर्थिक व्यवस्थापनको दृष्टिकोणबाट बजेट घाटा नियन्त्रित राख्नु उपयुक्त मात्र होइन जरूरी पनि छ । यसैले बजेट घाटालाई नियन्त्रित राखी बरू वैदेशिक सहयोगको उपयोगमा वृद्धि गर्ने नीति लिएको छु ।

२.२५ देशमा वित्तीय साधन परिचालन गर्ने प्रशस्त गुञ्जायस छ । खासगरी वित्तीय बजारको विकासबाट देशमा छरिएर रहेको बचत परिचालन गर्न र उद्यमीहरूको पूंजी प्रति पहुँच सरल पार्न सकिन्छ । त्यसैले आगामी वर्ष वित्तीय बजार र वित्तीय संस्थाहरूको विकास र विस्तार गर्न विशेष ध्यान दिइनेछ । यस क्रममा श्री ५ को सरकारको जमानतमा संस्थानहरूलाई उपलब्ध गराइएको पुरानो ऋण समयबद्ध रूपमा चुक्ता गर्दै जाने व्यवस्था गरेको छु । साथै सरकारी क्षेत्रले बैंकिंग क्षेत्रबाट लिने आन्तरिक ऋण क्रमशः कम गर्दै लगी निजी क्षेत्रलाई बढी पूंजी उपलब्ध गराउने नीति अपनाएको छु ।

२.२६ आगामी वर्ष विभिन्न समयमा भुक्तानी हुने विभिन्न व्याजदरका ट्रेजरी बिल र अन्य ऋणपत्रहरू बोलकबोल प्रथाद्वारा नियमित निष्कासन गर्ने क्रम जारी राखिनेछ । यस्ता ऋणपत्रहरूको खरीद बिक्री सरल रूपबाट गर्न सकिने व्यवस्थाद्वारा दोस्रो तहको बजारको विकास हुनेछ । यसबाट बचतकर्तालाई लगानीको वैकल्पिक अवसर प्राप्त भै बचत परिचालनमा वृद्धि हुने विश्वास लिएको छु ।

२.२७ वाणिज्य बैंक तथा वित्तीय संस्थानहरूले निक्षेपमा दिने न्यूनतम व्याजदर र कर्जा सापटमा लिने अधिकतम व्याजदर हाल नेपाल राष्ट्र बैंकले तोक्ने गर्दै आएकोमा आगामी वर्षदेखि लिने-दिने व्याजदर वित्तीय संस्थानहरू आफैले तोक्न पाउने गरी पूर्ण स्वतन्त्रता प्रदान गरिनेछ । यसबाट माग तथा आपूर्तिको आधारमा व्याजदर निर्धारण हुन गई बैंक तथा ग्राहक दुवै वर्ग लाभान्वित हुनेछन् । साथै नेपाल राष्ट्र बैंकबाट दिइने पुनर्कर्जा तथा रि-डिस्काउण्टिङ्ग व्यवस्थामा आवश्यकता अनुसार घटबढ गरी प्राथमिकता प्राप्त क्षेत्रमा लगानी पर्याप्त मात्रामा प्रवाहित हुने प्रबन्ध गरिनेछ । यस व्यवस्थाबाट बैंक तथा वित्तीय संस्थानहरूबीच स्वस्थ प्रतिस्पर्धा कायम हुन गई आ-आफ्नु दक्षता बढाई बढी भन्दा बढी स्रोत जुटाउन


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बैंक तथा वित्तीय संस्थानहरू सक्षम हुने र जोखिमको आधारमा लगानी दर कायम भई साधनको सदुपयोग हुनेछ ।

२.२८ वित्तीय व्यवस्थालाई सुदृढ गर्न चालू आर्थिक वर्ष बैंकहरूको पूंजी संरचनामा वृद्धि, कर्जाहरूको वर्गीकरण, प्रतिग्राहक कर्जाको सीमा निर्धारण जस्ता विभिन्न सुधारात्मक निर्णयहरू लिइएका छन् । बैंकिङ सेवाको नाजायज फाइदा उठाउने प्रवृत्तिलाई दुरूत्साहित गर्न कर्जाहरूबारे आपसमा सूचना आदान प्रदान गर्न नेपाल बैंकर्स सङ्घको मातहतमा कर्जा सूचना केन्द्रको स्थापना गरिएको छ । यसका साथै बैंक तथा वित्तीय संस्थानहरूको नियमित निरीक्षण तथा सुपरिवेक्षण गर्न नेपाल राष्ट्र बैंकलाई पर्याप्त कानूनी अधिकार प्रदान गर्न बैंकिङ ऐनहरूमा आवश्यक संशोधनका लागि सदनमा विधेयकहरू प्रस्तुत गरिनेछ । यसै क्रममा नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकलाई सुदृढ गर्न एक विस्तृत अध्ययन शुरू गरिंदैछ । उक्त कदमहरूबाट देशको आर्थिक विकासको लागि महत्त्वपूर्ण आर्थिक संस्थाहरूको कार्य क्षमता र कुशलता अभिवृद्धि हुनेछ ।

२.२९ मुद्रा प्रदायको वृद्धि दरलाई अर्थ व्यवस्थाको मागबमोजिम नियन्त्रण गर्न आगामी वर्षदेखि नेपाल राष्ट्र बैंकले सञ्चिती मुद्रा व्यवस्थापन (Reserve Money Management) कार्यक्रम लागू गर्नेछ । अल्प अवधिका लागि बैंकहरू-लाई आवश्यक पूंजी जुटाउन केन्द्रीय बैंकमाथि भर पर्नुपर्ने स्थितिको अन्त्य गरी अन्तर बैंक मुद्रा बजारको थालनी गरिनेछ ।

२.३० भारतले नेपालसंग अति सौविध्य प्राप्त मुलुकको आधारमा व्यापार गर्ने आशय व्यक्त गरे अनुरूप नेपालले भारत समक्ष यसको मस्यौदा प्रस्ताव पेश गरेको र तदनुरूप भन्सार दरबन्दीमा एक रूपता ल्याइएको कुरा माननीय सदस्यहरूमा विदितै छ । यस परिप्रेक्ष्यमा हाम्रो मुद्रा र भारतीय मुद्राको बीच परिवर्त्यतालाई खुला र असीमित राख्नु वाञ्छनीय देखिंदैन । तसर्थ भारतीय मुद्रासंगको हालको असीमित परिवर्त्यताको नीति खारेज गरी आजैदेखि लागू हुने गरी प्रयोजनको आधारमा मात्र सटही सुविधा उपलब्ध गराउने व्यवस्था गरिएको छ । यसबाट जनजीवनमा कुनै कठिनाइ नपर्ने विश्वास लिएको छु ।

२.३१ चालू आर्थिक वर्षमा देशले ठूलो भूकम्पको सामना गर्नु पर्‍यो र यसबाट निकै धन-जनको क्षति भयो । सम्पूर्ण नेपाली, विदेशी मित्र, पत्र, वर्गीय सङ्गठन, सामाजिक सङ्घ संस्था, शाही नेपाली सैनिक र नेपाल प्रहरीको अथक परिश्रम र सहयोगमा पीडित परिवारहरूलाई राहत दिने कार्य सम्पन्न गरियो । भूकम्प क्षेत्र निर्माण तथा पुनर्स्थापन कार्यक्रम अन्तर्गत भूकम्पग्रस्त जिल्लाका घर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिवारलाई ग्रामीण क्षेत्र, जिल्ला सदरमुकाम र शहरी क्षेत्रमा वर्गीकरण गरी घर पुनर्निर्माण गर्न वाणिज्य बैंकहरूबाट ग्रामीण क्षेत्रका प्रत्येक भूकम्पपीडित घरपरिवारलाई अधिकतम रू. १० हजार, जिल्ला सदरमुकामका प्रत्येक घर परिवारलाई अधिकम रू. २० हजार र शहरी क्षेत्रका घर परिवारलाई अधिकतम रू. ५० हजार ऋण सहयोग उपलब्ध गराई पहिलो रू. ५ हजारसम्म ऋणको ब्याजदरमा १८ प्रतिशत, रू. १० हजारसम्ममा ९ प्रतिशत र सोभन्दा माथि रू. ५० हजारसम्ममा ४ प्रतिशतका दरले ब्याज अनुदान उपलब्ध गराएको कुरा माननीय सदस्यहरूमा विदितै छ । हालसम्म पूर्वाञ्चल र मध्यमाञ्चलका विभिन्न जिल्लाहरूमा क्षति पुगेको बहुसंख्यक घरहरू निर्माण गरिसकिएका छन् र बाँकी घर बनाउने काम चालू छ । यस्ता घर परिवारहरूलाई अनुदानस्वरूप रू. ६००।– रकम वा सो बराबरको निर्माण सामग्री दिने व्यवस्थाले गर्दा धेरै जसो घरहरूमा सुधारिएको चुल्हो र किफायती शौचालय निर्माण गरिएका छन् । पुनरूत्थान गर्ने क्रममा आगामी वर्ष पनि पीडित परिवारहरूलाई घर निर्माणका लागि दिइने ऋण कार्यक्रम चालू रहनेछ । यसका अतिरिक्त भूकम्प क्षेत्रको सदरमुकाम र बजार क्षेत्रको नगर योजना बनाउने काम भैराखेको छ । यस बाहेक भूकम्पबाट क्षतिग्रस्त दुई हजारभन्दा बढी विभिन्न तहका विद्यालय भवनहरूको पुनर्निर्माणको व्यवस्था मिलाइएको छ ।

२.३२ आगामी वर्षको बजेट तर्जुमा गर्दा श्री ५ को सरकारले कार्यान्वयनमा ल्याएको २२ सूत्रीय आर्थिक कार्यनीतिमा जोड दिए अनुरूप प्रशासनिक खर्च, फर्निचर तथा सवारी साधन खरीद, विदेश भ्रमण र स्वागत समारोह जस्तामा हुने खर्च नियोजित गरी मितव्ययिता कायम गरिएको छ । बजेट कटौती गर्दा राष्ट्रिय लगानीमा प्रतिकूल असर नपार्न विशेष ध्यान दिइएको छ । बजेट तर्जुमा गर्दा आधारभूत आवश्यकता परिपूर्ति गर्ने कार्यक्रम, पूरा हुन लागेका आयोजनाहरू, मर्मत सम्भार कार्यक्रम तथा विकेन्द्रीकरणको सिद्धान्त अनुरूप जिल्लास्तरीय कार्यक्रमलाई प्राथमिकता दिइएको छ ।

## ३

३.१ अब आर्थिक वर्ष २०४४।४५ को यथार्थ आय-व्यय विवरण र चालू आर्थिक वर्ष २०४५।४६ को संशोधित आय-व्यय विवरण प्रस्तुत गर्दछु ।

३.२ आर्थिक वर्ष २०४४।४५ मा यथार्थ खर्च साधारणतर्फ रू. ४ अरब ६७ करोड ७० लाख र विकासतर्फ रू. ९ अरब ४२ करोड ८० लाख हुन गई कुल यथार्थ खर्च रू. १४ अरब १० करोड ५० लाख भएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २६८

३.३ आर्थिक वर्ष २०४४।४५ मा राजस्व सङ्कलन रू. ७ अरब ३५ करोड ४ लाख भएको छ। विदेशी सहायतातर्फ अनुदान रू. २ अरब ७ करोड ६८ लाख र ऋण रू. ३ अरब ८१ करोड ५८ लाख प्राप्त भएको छ। आर्थिक वर्ष २०४४।४५ मा बैंकिङ र गैरबैंकिङ क्षेत्रमा गरी कुल आन्तरिक ऋण रू. १ अरब १३ करोड बराबरको उठती गरिएको थियो। यस मध्ये आय-व्ययतर्फ हुन गएको न्यून रकम रू. ८६ करोड २० लाख खर्च पूर्ति गरी बाँकी रू. २६ करोड ८० लाख नगद मौज्दातमा वृद्धि भएको छ।

३.४ चालू आर्थिक वर्ष २०४५।४६ मा साधारण तथा विकास गरी रू. १९ अरब ५२ करोड २ लाख खर्च हुने अनुमान गरिएकोमा रू. १५ अरब २६ करोड ७ लाख मात्र खर्च हुने संशोधित अनुमान छ। साधारणतर्फ रू. ६ अरब १५ करोड २१ लाख खर्च हुने अनुमान गरिएकोमा रू. ५ अरब ७६ करोड ५१ लाख खर्च हुने संशोधित अनुमान गरिएको छ। यस्तै विकासतर्फ रू. १३ अरब ३६ करोड ८१ लाख खर्च हुने अनुमान रहेकोमा रू. ९ अरब ४९ करोड ५५ लाख खर्च हुने संशोधित अनुमान छ।

३.५ चालू आर्थिक वर्ष २०४५।४६ मा राजस्वतर्फ रू. ९ अरब ३० करोड सङ्कलन हुने अनुमान रहेकोमा रू. ७ अरब ५४ करोड ७ लाख मात्र प्राप्त हुने संशोधित अनुमान छ। विदेशी सहायता अनुदान अन्तर्गत रू. २ अरब ५९ करोड ४१ लाख उपलब्ध हुने अनुमान गरिएकोमा रू. १ अरब ८१ करोड ७९ लाख प्राप्त हुने संशोधित अनुमान छ। यस्तै विदेशी ऋण रू. ६ अरब २९ करोड ६१ लाख प्राप्त हुने अनुमान गरिएकोमा रू. ४ अरब १६ करोड ९४ लाख उपलब्ध हुने संशोधित अनुमान छ। यसरी संशोधित खर्चको निम्ति नपुग हुन आएको न्यून रकम मध्ये रू. १ अरब ३३ करोड आन्तरिक ऋणबाट र रू. ४० करोड २७ लाख नगद मौज्दातमा परिवर्तन गरी व्यहोरिने संशोधित अनुमान छ।

## ४

४.१ अब म आगामी आर्थिक वर्ष २०४६।४७ को साधारण तथा विकास खर्चको अनुमान विवरण पेश गर्दछु।

४.२ साधारण खर्चतर्फ आगामी आर्थिक वर्षमा रू. ६ अरब ६५ करोड १२ लाख र विकासतर्फ रू. १३ अरब ५९ करोड ८ लाख गरी जम्मा रू. २० अरब २४ करोड २० लाख खर्च हुने अनुमान गरेको छु। यो खर्च चालू वर्षको संशोधित अनुमानको ३२.८ प्रतिशतले बढी छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 2060

४.३ साधारण खर्चतर्फ संवैधानिक अङ्गहरूमा रू. १४ करोड ४४ लाख, प्रशासन तथा योजनामा रू. १ अरब २१ करोड ८६ लाख, न्याय प्रशासनमा रू. ९ करोड ९० लाख, वैदेशिक सेवामा रू. १५ करोड ८४ लाख, रक्षामा रू. १ अरब ११ करोड ४० लाख, सामाजिक सेवामा रू. ७८ करोड ५१ लाख, आर्थिक सेवामा रू. ४५ करोड ५० लाख, ऋण लगानी तथा साँवा व्याज भुक्तानी मा रू. २ अरब ९ करोड ५६ लाख र विविधमा रू. ५८ करोड ११ लाख छुट्याएको छ ।

४.४ साधारण खर्चलाई वाञ्छित सीमाभित्र राख्न फर्निचर, सवारीको साधन, जग्गा खरिद र भवन निर्माण आदि खर्चहरूको लागि सीमित रकममात्र विनियोजन गरेको छ । साँवा र व्याज भुक्तानीको रकम वृद्धि भै यो कुल साधारण खर्चको ३१.५ प्रतिशत छ ।

४.५ विकास बजेटतर्फ प्रशासन तथा योजनाको लागि रू. ३ करोड ४५ लाख, सामाजिक सेवाको लागि रू. ४ अरब ३३ करोड ४६ लाख, आर्थिक सेवामा रू. ८ अरब ५० करोड ६७ लाख र विविधमा रू. ७१ करोड ५० लाख खर्च गर्ने विनियोजन गरेको छ ।

४.६ आगामी आर्थिक वर्षको विकास कार्यक्रमहरूको लागि खर्च बाँडफाँड गर्दा मुख्य-तया मैले निम्न आधारमा रकमको व्यवस्था गरेको छ ।

- आधारभूत आवश्यकता परिपूर्ति गर्ने कार्यक्रमहरू ।
- श्री ५ महाराजाधिराज सरकारबाट जनताको माग अनुसार कार्यक्रम कार्यान्वयन गरिदिन बक्स भएको निर्देशन अनुसार श्री ५ को सरकारले लिएका निर्णयहरूको आधारमा तयार भएका कार्यक्रमहरू ।
- प्राथमिकता प्राप्त आयोजनाहरू ।
- जिल्लास्तरीय कार्यक्रमहरू ।
- मर्मत, सम्भार तथा पुनर्स्थापन कार्यक्रमहरू ।
- २२ सूत्रीय आर्थिक कार्य नीतिले अवलम्बन गरेका कार्यक्रमहरू ।

४.७ आधारभूत आवश्यकता कार्यक्रमहरू सञ्चालन तथा सम्पादनमा सकारात्मक प्रभाव पार्ने किसिमले कार्यक्रम तर्जुमा र बजेट व्यवस्था गर्ने प्रयत्न गरेको छ । अन्य क्षेत्रहरूको बजेट तर्जुमामा आधारभूत आवश्यकतालाई सघाउ पुऱ्याउने कार्यक्रमहरू खासगरी रोजगारी एवं आय वृद्धि, उत्पादन सामग्री र उत्पादित वस्तुहरूको ओसार-पसारमा शीघ्रताको साथै वितरण प्रणालीमा सुगमता ल्याउनको निम्ति आवश्यक रकम उपलब्ध गराएको छ। आधारभूत आवश्यकतासंग सम्बन्धित सरकारी क्षेत्रहरूको लागि आगामी आर्थिक वर्षमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यवस्था भएको कुल विकास रकमको करीब ४० प्रतिशत छ । यस व्यवस्थाबाट नियश्च नै आधारभूत आवश्यकता परिपूर्ति गर्ने कार्यक्रमको कार्यान्वयनमा कुनै अवरोध हुनेछैन भन्ने विश्वास लिएको छु ।

४.८ श्री ५ महाराजाधिराज सरकारबाट विकास क्षेत्रमा अनौपचारिक भ्रमण गरी बक्सेको अवसरहरूमा यी क्षेत्रका जनताहरूको सामूहिक मागको आधारमा जिल्ला पञ्चायतहरूले सिफारिश गरेको सिंचाइ, खानेपानी, बाटो तथा पुल जस्ता आयोजनाहरू कार्यान्वयनको लागि मौसूफ सरकारबाट सम्भाव्य आयोजनाहरू कार्यान्वयन गरिदिन श्री ५ को सरकारलाई निर्देशन बक्स भएअनुरूप श्री ५ को सरकारले समयबद्ध रूपमा कार्यान्वयन गर्ने निर्णय गरेका कार्यक्रमहरूलाई आगामी आर्थिक वर्ष रू. १ अरब ९७ करोड छुटयाएको छु। यो रकम कुल विकास बजेटको १४.५ प्रतिशत छ ।

४.९ विभिन्न विकास आयोजनाहरूको छनौट तथा बजेट निर्धारण गर्न विगत वर्षहरूदेखि कार्यक्रम बजेट प्रणालीको प्रयोगले कार्यक्रमहरूका लागि छुटयाइने लगानीको स्तर निर्धारण गर्नमा ठूलो सघाउ पुगेको छ । यसबाट अल्प एवं दीर्घकालीन उद्देश्यहरू परिपूर्ति गर्ने प्रभावकारी कार्यक्रमहरूको छनौट र लगानी स्तर कायम राख्न मद्दत पुगेको महसूस गरेको छु ।

४.१० विकेन्द्रीकरणलाई प्रभावकारी रूपबाट सञ्चालन गर्दै लाने श्री ५ को सरकारको नीति अनुरूप यस्तो कठिन आर्थिक परिस्थितिमा पनि जिल्लास्तरीय कार्यक्रमहरूको निम्ति चालु आर्थिक वर्षको विनियोजित रकमको दाँजोमा १७.७ प्रतिशतले रकममा वृद्धि गरेको छु । यी कार्यक्रमहरूको लागि रू. ३ अरब १९ करोड ८ लाख प्रस्ताव गरेको छु । यो विकास बजेटको २३.५ प्रतिशत छ ।

४.११ कृषितर्फ खाद्यान्न, दूध, तरकारी, फलफूल, माछा मासु उत्पादनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । गरीबीको रेखामुनिका जनताको जीवनस्तर उठाउन निकै उपयोगी भएको साना किसान आयोजना कार्यक्रमलाई विस्तार गरिनेछ । यस कार्यक्रमबाट आगामी आर्थिक वर्षको अन्तसम्ममा १ लाख २५ हजार साना किसान परिवारलाई फाइदा पुग्न जानेछ । त्यस्तै सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा थप रोजगारीका अवसर प्रदान गर्न विशेष कार्यक्रम तर्जुमा गरिएको छ । आगामी वर्ष यो कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गर्न रू. ९० लाख छुटयाएको छु । साझा संस्थाहरूलाई सुदृढ गरी अत्यावश्यक वस्तुहरूका आपूर्ति, उत्पादन तथा वितरण प्रक्रियामा सहभागी बनाउँदै लगिनेछ । यो कार्यक्रमको लागि रू. १ करोड ८८ लाख व्यवस्था गरेको छु । कृषि कार्यक्रमहरूमध्ये



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उत्पादनमूलक कृषि अनुसन्धानमा रु. १२ करोड ६६ लाख, कृषि प्रसारमा रु. ३३ करोड ६४ लाख, पशु विकास तथा पशु स्वास्थ्यमा रु. २० करोड ७९ लाखको बजेट प्रस्ताव राखेको छु। मलखादको मूल्य तथा परिवहन अनुदानको निमित्त रु. २६ करोड ४८ लाख र ब्याज अनुदान रु. २ करोड ५५ लाख रकमको व्यवस्था गरेको छु। कृषि क्षेत्रका कार्यक्रमहरूको लागि कुल रु. १ अरब ३८ करोड २० लाख खर्च गर्ने प्रस्ताव राखेको छु।

४.१२ बचतकर्ताबाट सङ्कलन गरिएको अनिवार्य बचतको साँवा ब्याज फिर्ता दिने कार्य निर्धारित समयमा सम्पन्न गर्न आगामी वर्ष पनि बचत फिर्ता दिने व्यवस्था गरिएको छ। भूमिसुधार कार्यक्रमहरूमध्ये कित्ता नापी कार्यहरूको लागि रु. ६ करोड ९७ लाखसमेत गरी जम्मा रु. ११ करोड ३३ लाख छुट्याएको छु।

४.१३ सिंचाइ कार्यक्रमको निम्ति रु. १ अरब ३५ करोड १६ लाख बजेट छुट्याएको छु। ठूला सिंचाइ आयोजनाहरूको लागि रु. ६५ करोड ९४ लाख, साना सिंचाइ आयोजनाहरूको लागि रु. ३४ करोड २२ लाख, भूमिगत जल सिंचाइ कार्यक्रमको लागि रु. ५ करोड ८६ लाख, मर्मत सम्भारको लागि रु. ७ करोड ७५ लाख, जनसहभगिताबाट सञ्चालन हुने सिंचाई कार्यक्रमको लागि रु. ११ करोड ९८ लाख, सिंचाइ अनुदानको लागि रु. ३ करोड ६४ लाख तथा नदी नियन्त्रण कार्यहरूको निम्ति रु. ५ करोड ७६ लाखको व्यवस्था गरेको छु।

४.१४ वनक्षेत्र सुदृढीकरण गर्ने दीर्घकालीन योजनाको उद्देश्य अनुसार आगामी आर्थिक वर्षमा आवश्यक सुधार गर्न वनसम्बन्धी कार्यक्रमहरूमा केही हेरफेर गरिएको छ। सामुदायिक वन विकास जस्ता वृक्षारोपण कार्यक्रमहरूको निम्ति रु. २० करोड ९ लाख छुट्याएको छु। वन प्रशासनको निम्ति रु. २२ करोड ७९ लाख र वातावरण संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रमहरूको लागि रु. ६ करोड ६२ लाख, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षणको लागि रु. १४ करोड ३६ लाख व्यवस्था गरेको छु। वनक्षेत्रको निमित्त जम्मा रु. ६३ करोड ८५ लाख खर्च गर्न प्रस्ताव गरेको छु।

४.१५ उद्योग क्षेत्रमा देखिएको गतिलाई शिथिल हुन नदिन विशेष ध्यान दिइएको छ। तयारी पोशाक, हाते कागज र गलैंचा जस्ता उद्योगहरूमा काम गर्ने मजदूरहरूलाई सीप विकास तालीम, उद्यमीहरूको निम्ति प्राविधिक सेवा, ऋण र बजार व्यवस्थाको प्रबन्ध मिलाई घरेलु तथा ग्रामीण उद्योगहरूको विकास गर्ने पक्षमा जोड दिइएको छ। घरेलु उद्योगको निम्ति रु. ६ करोड १९ लाख राखेको छु। ठूला उद्योगतर्फ उदयपुर सिमेण्ट कारखाना कार्यान्वयन समयमा सम्पन्न गर्न



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रू. २९ करोड ५० लाख व्यवस्था गरेको छ र अन्य ठूला उद्योगहरूमा पूँजी लगानीको निम्ति रू. १४ करोड ७५ लाख छुट्याएको छ। औषधि उत्पादनमा बढी जोड दिन रू. २ करोडको व्यवस्था गरेको छ। केही उद्योगहरूको क्षमता विस्तार गर्ने कार्यक्रम पनि राखिएको छ। खनीज क्षेत्रको विकासको लागि रू. ५ करोड ७३ लाखको व्यवस्था गरेको छ। यसरी उद्योग क्षेत्रमा रू. ७८ करोड ९१ लाख व्यवस्था गरेको छ।

४.१६ चालू आर्थिक वर्षदेखि अधिराज्यका २१ जिल्लाहरूमा शुरू गरेको अगुवा बैंक योजनालाई आगामी आर्थिक वर्षमा थप ९ जिल्लामा लागू गरिनेछ। योजना सञ्चालन हुने जिल्लाहरूमा कृषक, उद्यमी, व्यावसायीहरूको उत्पादन र आम्दानी वृद्धिमा सकारात्मक प्रभाव पर्ने विश्वास लिएको छु।

४.१७ विद्युत शक्तिको महत्त्वलाई ध्यानमा राखी मर्स्याङदी र आँधीखोला जल-विद्युत आयोजना आगामी वर्षमा सम्पन्न गर्ने व्यवस्था गरिएको छ। झिमरूक र अरूण तेस्रो आयोजनाहरूसम्बन्धी कार्यको प्रारम्भिक थालनीको लागि रकम छुट्याइएको छ। विद्युत कार्यक्रममध्ये उत्पादनतर्फ रू. ४६ करोड ४१ लाख, प्रसारण लाइन र विद्युतीकरणतर्फ रू. ३८ करोड ६० लाख छुट्याएको छु। आगामी वर्ष विद्युत क्षेत्रमा रू. १ अरब १२ करोड ४९ लाख विनियोजन गरेको छु।

४.१८ देशको भौगोलिक परिस्थिति र आन्तरिक आवागमनको आवश्यकतालाई ध्यानमा राखी सडक र हवाई यातायात क्षेत्रका राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरू समयमै सम्पन्न गर्न आगामी वर्ष विशेष जोड दिइएको छ। महेन्द्र राजमार्गको बाँकी खण्डको निर्माणको लागि रू. २५ करोड ९९ लाख र सहायक मार्गहरूको निर्माण कार्य सम्पन्न गर्ने कार्यमा रू. ४३ करोड ११ लाख व्यवस्था गरेको छु। सुदूर पश्चिमाञ्चलको डँडेलधुरा-दार्चुला र पूर्वाञ्चलको इलाम-ताप्लेजुङ राजमार्गको निर्माण कार्यको लागि रू. १४ करोड ९७ लाख छुट्याएको छु। देशमा विद्युतबाट चल्ने ट्ली बस सेवा सम्भाव्यता अध्ययनको लागि रकमको व्यवस्था गरेको छु। राजमार्ग एवं मुख्य मुख्य मार्गहरू र रोपवेसमेतको मर्मत सम्भार तथा नवीकरण कार्यलाई प्राथमिकता दिइएको छ। यसको लागि रू. ६६ करोड ५५ लाख राखेको छु। हवाई उड्डयनलाई बढी भरपर्दो बनाउन विमान-स्थलहरूमा सञ्चार उपकरणहरूका साधनहरूबाट सुविधायुक्त बनाउनेतर्फ जोड दिइएको छ। यातायात क्षेत्रमा रू. २ अरब ६६ करोड ८६ लाखको कुल बजेट विनियोजन गरेको छु।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४.१९ सञ्चारतर्फ आगामी वर्ष थप ६ नगर पञ्चायतमा स्थानीय टेलिफोन सेवा उपलब्ध गराइनेछ । हुलाकतर्फ इलाका हुलाक थप ३० र गाउँ पञ्चायत हुलाक थप १६५ स्थापना गरिनेछ । यी कार्यक्रमहरूको लागि रू. १२ करोड ४३ लाख व्यवस्था गरेको छु। रेडियो नेपालको धरान र बर्दीवास तथा नेपाल टेलिभिजनको विराटनगरमा प्रसारण विस्तार र सुधार गर्ने कार्यको निम्ति रू. १४ करोड ६९ लाख छुट्याएको छु।

४.२० शिक्षा क्षेत्रतर्फ आधारभूत आवश्यकतासंग सम्बन्धित प्राथमिक शिक्षालाई निर्धारित कार्यक्रमबमोजिम बजेटको व्यवस्था गरिएको छ। साथै प्राविधिक शिक्षातर्फ पनि आवश्यक रकम राखिएको छ। शिक्षा क्षेत्रको बजेट बाँड-फाँड यसप्रकार छ। प्राथमिक शिक्षामा रू. ९१ करोड ९७ लाख, उच्च शिक्षामा रू. २१ करोड ७५ लाख र प्राविधिक तथा व्यवहारिक शिक्षामा रू. ३२ करोड ५० लाख गरी शिक्षामा कुल रू. १ अरब ७३ करोड ६१ लाख छुट्याइएको छ।

४.२१ स्वास्थ्य क्षेत्रमा प्रतिकारात्मक कार्यक्रम, प्राथमिक उपचार, औषधि र स्वास्थ्य उपकरणको आपूर्ति जस्ता जनस्वास्थ कार्यक्रमहरू तथा परिवार नियोजन एवं जनसंख्या वृद्धि नियन्त्रण गर्ने कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गर्न रू. ४८ करोड व्यवस्था गरेको छु। स्वास्थ्य क्षेत्रमा कार्यक्रमहरूको निम्ति रू. ६१ करोड ४९ लाख कुल खर्च हुने अनुमान गरेको छु।

४.२२ खानेपानीतर्फ सम्पन्न आयोजनाहरू उपभोक्ता समूहबाट नै सञ्चालनका लागि हस्तान्तरण गर्दै लगिनेछ। यस व्यवस्थाबाट आयोजनाप्रति उपभोक्ता समूहले आयोजनाहरूको सम्वर्द्धन, सुधार तथा मर्मततर्फ विशेष ध्यान दिने विश्वास लिइएको छ। उपभोक्ता समूहले निर्माण खर्चको केही हिस्सा व्यहोर्ने गरी जन-सहभागिताको आधारमा खानेपानी तथा ढल कार्यक्रमको कार्यान्वयन गर्न रू. ७५ लाख रकम छुट्याएको छु। शहरी क्षेत्रको खानेपानी आपूर्ति बढी नियमित पार्न र गुणस्तर सुधार्न आगामी वर्ष रू. ५ करोड ११ लाख र ग्रामीण क्षेत्रमा रू. ५६ करोड ५९ लाख व्यवस्था गरेको छु। ढल निकास कार्यको लागि रू. ४ करोड ३९ लाखको व्यवस्था गरेको छु। खानेपानी तथा ढल निकास कार्यक्रमको लागि रू. ६६ करोड ९ लाख प्रस्ताव राखेको छु।

४.२३ आवास कार्यक्रममा खासगरी ग्रामीण र शहरी क्षेत्रका आवासहरूलाई योजना-बद्ध विकास गर्न रू. ४ करोड ३८ लाख, भूकम्पबाट भएको क्षतिको मर्मत तथा जिर्णोद्धार कार्यको निम्ति रू. ४८ करोड व्यवस्था गरेको छु। जसमध्ये भूकम्प-बाट क्षतिग्रस्त भएका पूर्वाञ्चल तथा मध्यमाञ्चल क्षेत्रका करीब २ हजार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विद्यालयहरूको पुनर्निर्माण तथा मर्मत सम्भारको लागि रू. १३ करोड ५५ लाख व्यवस्था गरेको छ । आवास सुधार कार्यक्रमअन्तर्गत २१ हजार परिवार-लाई सुधारिएको चुल्हो तथा सुलभ शौचालय बनाउन रू. १ करोड २६ लाख अनुदान दिने व्यवस्था गरेको छ । आवास कार्यक्रममा जम्मा रू. ५१ करोड ५५ लाख छुट्याइएको छ ।

४.२४ आर्थिक विकेन्द्रीकरणलाई अगाडि बढाउँदै लाने नीति अनुरूप जिल्लास्तरीय कार्यक्रमको क्षेत्र फराकिलो पारिएको र रकम विनियोजनमा प्राथमिकता दिइएको छ । हिमाली तथा दुर्गम क्षेत्र विकास कार्यक्रम, महिला विकास कार्यक्रम, पिछडिएका वर्गहरूको विकास र एकीकृत ग्रामीण विकास कार्यक्रममा दिंदै आएको जोड आगामी वर्ष पनि कायम राखिएको छ । जिल्ला पञ्चायत सचिवालय र जिल्लास्तरीय कार्यालयहरूको कार्यक्रम कार्यान्वयनको अनुगमनतर्फ विशेष ध्यान दिइनेछ । स्थानीय पञ्चायतका निकायहरूलाई जाने अनुदान रकममा वृद्धि गरिएको छ । पञ्चायत क्षेत्रमा रू. ५२ करोड १७ लाखको व्यवस्था गरेको छ ।

४.२५ विदेशी मुद्रा, आर्जन तथा रोजगारीका अवसरहरू सृजना गर्नेतर्फ अग्रणी भूमिका खेल्ने पर्यटन क्षेत्रको समुचित सम्बर्द्धन तथा विकासतर्फ विशेष ध्यान दिइएको छ । पर्यटन प्रबर्द्धन कार्यमा प्रभावकारिता ल्याउन सरकारी तथा गैरसरकारी संस्था वा निजी व्यवसायीहरूको सहभागिता गराई पर्यटन प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन गर्नेतर्फ जोड दिइनेछ । आगामी वर्ष यस्तो कार्यका लागि नियमित कार्यक्रमबाहेक प्रवर्द्धनको लागि प्रवर्द्धन कोषमा रू. २५ लाख व्यवस्था गरिएको छ । पर्यटन क्षेत्रको लागि रू. २ करोड ७ लाख छुट्याएको छ ।

४.२६ सामाजिक सेवाको क्षेत्रमा केही वर्ष यतादेखि उत्साहवर्धक प्रगति भएको छ । सामाजिक संघ संस्थाहरूले विभिन्न उत्पादनशील क्षेत्रमा पनि योगदान पुर्‍याएका छन् । गैरसरकारी संघ संस्थाहरूको उत्साह, जाँगर र सीपलाई देश विकासमा समेट्दै लाने उद्देश्यले आगामी वर्षमा सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को लागि रू. २ करोड ६६ लाखसमेत गरी जम्मा रू. ५ करोड १६ लाख व्यवस्था गरेको छ ।

४.२७ प्रस्तावित विकास बजेटमध्ये केन्द्रस्तरबाट सञ्चालन हुने कार्यक्रमहरूमा कुल रू. १० अरब ४० करोड र जिल्लास्तरीय कार्यक्रमको लागि रू. ३ अरब १९ करोड ८ लाख विनियोजित छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४.२८ यसरी साधारण र विकास खर्च गरी जम्मा रू. २० अरब २४ करोड २० लाख मध्ये राजस्वको वर्तमान स्रोतबाट रू. ८ अरब र वैदेशिक ऋण तथा सहायता अनुदान गरी जम्मा रू. ९ अरब ९९ करोड २० लाख व्यहोर्ने भई बाँकी रू. २ अरब २५ करोड न्यून रहनेछ ।

## ५

अध्यक्ष महोदय,

५.१ अब म आगामी वर्षको लागि राजस्वसम्बन्धी प्रस्तावहरू पेश गर्दछु ।

५.२ राजस्वसम्बन्धी प्रस्तावहरू तर्जुमा गर्दा राजस्व परिचालनको साथै कृषि र उद्योग क्षेत्रमा उत्पादन वृद्धि गर्न चाहिने अनुकूल वातावरणको सृजना गर्न उपभोग्य वस्तुहरू, औद्योगिक कच्चा पदार्थ, विकास तथा निर्माण सामग्रीहरूको नियमित आपूर्ति व्यवस्था गर्न र स्वदेशमा उपलब्ध साधनहरू बढी उत्पादनशील क्षेत्रमा प्रवाहित गर्न विशेष ध्यान दिएको छु । यसका साथै माननीय सदस्यहरूले समय-समयमा व्यक्त गर्नुभएको मन्तव्य, केन्द्रीय टचारिफबोर्डको सिफारिशहरू र अर्थविद्हरूबाट प्राप्त सुझावहरूलाई पनि ध्यान दिएको छु ।

५.३ आगामी वर्ष राजस्व परिचालनमा विगतमा हासिल गरिएका उपलब्धि कायम राख्न नसकिने कुरा व्यक्त गरिसकेको छु । तर बढ्दै गइरहेको खर्चको परिप्रेक्ष्यमा राजस्व सङ्कलन गर्ने हाम्रो प्रयासहरूमा कमी ल्याउनु वाञ्छनीय नभएकोले आर्थिक गतिविधिहरूमा प्रतिकूल प्रभाव नपारी राजस्व बढाउने प्रयास गरेको छु । यसक्रममा राजस्वसम्बन्धी प्रस्ताव गर्दा नयाँ कर प्रस्ताव गर्नुको साथै प्रशासनिक र प्रक्रियागत सुधारबाट राजस्व उठाउने दृष्टिकोण राखेको छु । यी प्रयासहरूबाट आगामी वर्ष रू. ५० करोड थप राजस्व सङ्कलन गर्ने लक्ष्य राखिएको छ ।

५.४ राजस्व प्रशासनमा कार्यकुशलता वृद्धि गर्न, राजस्व सङ्कलन कार्य बढी प्रभावकारी तुल्याउन तथा दक्ष र प्रशिक्षित कर्मचारीहरूको सेवा उपलब्ध भइरहने स्थिति कायम गर्न एवं राजस्व सेवामा प्रवेश गर्न निश्चित आधार तयार गरी आगामी वर्षको शुरूदेखि नै त्यसको पूर्ण रूपमा अवलम्बन गरिने व्यवस्था गरिएको छ ।

५.५ अब म पहिले प्रत्यक्ष करसम्बन्धी प्रस्तावहरू पेश गर्दछु ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.६ नेपाल अधिराज्यमा हवाई यातायात सेवा सञ्चालन नगरी कार्यालयमात्र स्थापना गरी कारोबार गर्ने विदेशी हवाई कम्पनीहरूलाई उनीहरूले अधिराज्यमा गरेको कुल कारोबार रकमको २ प्रतिशतका दरले आयकर लगाई आएकोमा आगामी वर्षदेखि ३ प्रतिशतका दरले आयकर लगाइनेछ । यस परिवर्तनबाट थप रु. ५० लाख प्राप्त हुने अनुमान छ । आयकरतर्फका अन्य सबै व्यवस्था आगामी आर्थिक वर्ष पनि यथावत कायम राखेको छु ।

५.७ मालपोततर्फका सबै व्यवस्था आगामी आर्थिक वर्ष यथावत नै राखेको छु ।

५.८ रजिष्ट्रेशनसम्बन्धी प्रचलित दरहरूलाई आगामी आर्थिक वर्षमा पनि यथावत कायम राखेको छु ।

५.९ अन्य सबै प्रत्यक्ष करहरू यथावत कायम गरेको छु ।

५.१० अब म अप्रत्यक्ष करसम्बन्धी प्रस्ताव पेश गर्दछु ।

५.११ सिनेमाहलहरूबाट मनोरञ्जनकरको रूपमा राजस्व असूल गर्ने गरिएको तर भिडियो प्रदर्शनमा हालसम्म कर लाग्ने व्यवस्था नभएकोले आगामी आर्थिक वर्षदेखि स्वीकृति प्राप्त गरी व्यापारिक रूपमा सार्वजनिक प्रदर्शन गरिने भिडियो प्रदर्शनको प्रवेश टिकटको मूल्यमा १०० प्रतिशत मनोरञ्जनकर लगाइनेछ । तर यसप्रकार प्रदर्शन गरिएको नेपाली टेलिफिल्म वा नेपाली भिडियो फिल्मको प्रदर्शनमा लागेको मनोरञ्जनकरको दुई तिहाई अनुदानस्वरूप फिर्ता दिइनेछ ।

५.१२ नेपाली भाषामा चलचित्र निर्माण गर्ने निर्माताहरूलाई यस्ता चलचित्र प्रदर्शन-बाट उठेको मनोरञ्जनकरको ५० प्रतिशत अनुदानस्वरूप दिइएबाट नेपाली चलचित्र निर्माणमा परेको सकारात्मक प्रभावलाई दृष्टिगत गरी आगामी आर्थिक वर्षदेखि उठेको मनोरञ्जनकरको दुई तिहाई नेपाली भाषाका चलचित्र निर्माताहरूलाई अनुदान दिइनेछ । यस व्यवस्थाबाट बढी नेपाली चलचित्रहरूको निर्माण भई सिनेमाहलहरूमा प्रदर्शन हुन जाने हुँदा राजस्वमा खास असर पर्न जानेछैन भन्ने आशा राखेको छु ।

५.१३ अन्तर्राष्ट्रिय हवाई उडानमा हाल प्रतियात्रु रु. २००।- का दरले हवाई उडानकर लगाई आएकोमा आगामी आर्थिक वर्षदेखि प्रतियात्रु रु. ३००।- का दरले हवाई उडान कर लगाइनेछ । यस परिवर्तनबाट रु. ३ करोड थप राजस्व प्राप्त हुने अनुमान छ ।

५.१४ हवाई उडान करसम्बन्धी अन्य व्यवस्था यथावत कायम गरिएको छ ।

५.१५ अब म आजैदेखि लागू हुने गरी भन्सार महशूल दरसम्बन्धी प्रस्ताव पेश गर्दछु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.१६ हालसम्म उद्योगहरूले पैठारी गर्ने मेशिनरी, कच्चापदार्थ, औषधि, कम्प्युटर, वैज्ञानिक प्रयोगशालासम्बन्धी उपकरण, कृषि औजार तथा कीटनाशक औषधि, कच्चा ऊन, शिशु आहार तथा धूलो दूध, साइकल, रिक्सा, धाराको सामान, बिजुलीका सामान, लुब्रिकेन्टस्, बस, ट्रक र सोको च्यासीस, हाते ज्यावल, ट्र्याक्टरजस्ता जम्मा ४२ किसिमका वस्तुहरूमा अतिरिक्त भन्सार महशूल पूर्ण छूट दिइएकोमा आगामी वर्ष स्टोभ, प्रेशर कुकर, कोइला, खानेपानीको लागि प्रयोग हुने टचूबवेल पम्प, चिनी, टाइपराइटर र सोको पार्टस्, कम्प्युटर पार्टस् लगायत जम्मा ७२ किसिमका वस्तुहरूको पैठारीमा लाग्ने अतिरिक्त भन्सार महशूल पूर्ण छूट दिएको छु । उल्लेखित वस्तुहरूबाहेक अन्य वस्तुहरूमा अतिरिक्त भन्सार महशूल आर्थिक ऐन, २०४५ बमोजिम लाग्नेछ । उपर्युक्त परिवर्तनबाट रू. १५ करोड थप राजश्व प्राप्त हुने अनुमान छ ।

५.१७ अतिरिक्त भन्सार महशूल पूर्ण छूट भएका वस्तुहरू स्वदेशमा नै उत्पादन गर्दा पैठारी गरिने कच्चा पदार्थमा पनि अतिरिक्त भन्सार महशूल पूर्ण रूपले छूट दिइनेछ ।

५.१८ पर्यटन प्रवर्द्धनको लागि स्वीकृति प्राप्त गरी विदेशमा छपाई ल्याएको स्तरयुक्त प्रचार सामग्रीको छपाइ खर्चमा लाग्ने भन्सार महशूल पूर्ण रूपमा छूट दिएको छु।

५.१९ वैकल्पिक उर्जा विकासको निमित्त प्रोत्साहन गर्न शौर्यशक्ति, गोवर ग्याँसलगायतका बायोग्याँसका लागि आवश्यक पर्ने उपकरणहरू र त्यसका पार्टपूर्जाहरूको पैठारीमा लाग्ने भन्सार महशूल तथा बिक्रीकर पूर्ण रूपमा छूट दिएको छु ।

५.२० कृषिजन्य उत्पादन, फलफूल, माछा आदि सुरक्षित गर्न निर्माण गरिने शीतभण्डारहरूको लागि आवश्यक पर्ने उपकरण तथा औजारहरूको पैठारीमा लाग्ने भन्सार महशूल तथा बिक्रीकर पूर्ण रूपमा छूट दिएको छु ।

५.२१ ट्रलीबस सेवा सञ्चालन तथा विस्तारको लागि पैठारी गरिने यन्त्र उपकरण, यातायातको साधन तथा पार्टपूर्जाहरूको पैठारीमा भन्सार महशूल तथा बिक्रीकर पूर्ण छूट दिएको छु ।

५.२२ अधिराज्यमा स्वीकृतिप्राप्त स्तरीय अस्पताल सञ्चालनको लागि आवश्यक पर्ने उपकरण तथा औजारहरूमा भन्सार महशूल तथा बिक्रीकर पूर्ण रूपमा छूट दिएको छु ।

५.२३ विलेट उत्पादन गर्ने उद्योगले पैठारी गर्ने कच्चा पदार्थको पैठारीमा लाग्ने भन्सार महशूलको ५० प्रतिशत छूट दिएको छु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.२४ तयारी पोशाक उद्योगले वण्डेड वेयर हाउसको व्यवस्थाअन्तर्गत पैठारी गर्ने रेयन कपडाको बैंक ग्यारेण्टी रकम जमानत लिंदा १० प्रतिशतमात्र भन्सार महसूलवापतको रकमको बैंक ग्यारेण्टी लिइनेछ ।

५.२५ आधारभूत आवश्यकता परिपूर्ति गर्ने हाम्रो लक्ष्यअनुरूप कृषि क्षेत्रमा आत्म-निर्भर हुनको लागि कृषि उत्पादनमा वृद्धि गर्नुपर्ने तथ्य निर्विवाद छ । तर कृषि उत्पादनमा वृद्धि गर्न कृषकहरूले उत्पादन गरेको वस्तुहरूको बजार संरक्षण दिन आवश्यक भएकोले कृषिजन्य वस्तुहरू जीवित जीव जन्तु तथा खाद्य पदार्थहरूको पैठारीमा साधारण भन्सार महशूल लगाउने व्यवस्था गरेको छु । यसबाट कृषकहरूले बजारको संरक्षण पाई उत्पादन वृद्धि गर्न सघाउ पुग्न जानेछ भन्ने विश्वास लिएको छु । यसबाट रू. ७ करोड थप राजस्व सङ्कलन हुनेछ ।

५.२६ निर्यात व्यापारमा विविधीकरण ल्याई निर्यात बढाउन नगद अनुदान दिने व्यवस्था गरिएको कुरा माथि उल्लेख गरिसकेको छु । निर्यातलाई अझ बढी प्रोत्साहन गर्न निर्यात भन्सार महशूललाई घटाई ०.५ प्रतिशतमात्र लगाउने व्यवस्था गरेको छु । यसबाट निकासी व्यापारमा वृद्धि हुन गई राजस्वमा खास फरक नपर्ने आशा राखेको छु ।

५.२७ ढुङ्गा, बालुवा र काठको निकासीबाट प्राकृतिक तथा वातावरणीय सन्तुलनमा प्रतिकूल असर पर्ने हुँदा यस्ता वस्तुहरूको निकासीलाई निरूत्साहित गर्न हाल लागी आएको भन्सार महशूल वृद्धि गरेको छु ।

५.२८ भन्सार दरबन्दीमा गरिएको उपरोक्त परिवर्तनहरूबाट रू. २२ करोड र प्रशा-सनिक सुधारबाट थप रू. ३ करोड सङ्कलन हुने अनुमान छ । संशोधित दरहरू अनुसूची १ मा दिएको छु ।

५.२९ उल्लिखित परिवर्तनहरूबाहेक पैठारीमा लाग्ने भन्सार महशूल दर यथावत् कायम गरेको छु ।

५.३० अन्तःशुल्कतर्फ कपडा उद्योगलाई प्रोत्साहन गर्ने उद्देश्यले कपडा उद्योगको उत्पादनमा लाग्ने अन्तःशुल्कमा हाल दिई आएको छूट आगामी आर्थिक वर्षमा पनि यथावत् कायम राखेको छु ।

५.३१ राजस्व सङ्कलन प्रक्रिया क्रमशः सरल गर्दै लैजाने उद्देश्यले आजैदेखि लागू हुने गरी चिनी, खाँडसारी, सबै किसिमका खाद्य वनस्पति घ्यू र खाद्य प्रशोधित तेल र सिमेण्टमा हाल २ किसिमबाट लगाई आएको अन्तःशुल्क दरलाई आजै देखि मोल प्रतिशतमा लगाउने व्यवस्था गरेको छु ।


आधिकारिकता मुद्रण विभाग प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.३२ धूम्रपानबाट स्वास्थ्यमा पर्ने नकारात्मक असरलाई दृष्टिगत गरी सबै किसिमको चुरोट र बिडीमा लाग्ने अन्तःशुल्कको दरलाई आजदेखि लागू हुने गरी केही बढाएको छु । साथै उच्चकोटीको मदिरामा लाग्ने अन्तःशुल्कको दर पनि केही वृद्धि गरेको छु । यस परिवर्तनबाट रू. ३ करोड ५५ लाख थप सङ्कलन हुने अनुमान छ ।

५.३३ टेलिभिजन उद्योगले उत्पादन गर्ने रङ्गीन तथा साधारण चित्र (श्यामश्वेत) देखिने टेलिभिजनमा आजदेखि लागू हुने गरी अन्तःशुल्क दरहरू कायम गरेको छु । यसबाट रू. २५ लाख राजस्व सङ्कलन हुने अनुमान छ ।

५.३४ अन्तःशुल्कमा गरिएको उपरोक्त परिवर्तनबाहेक प्रशासनिक सुधारबाट थप रू. ६ करोड २० लाख राजस्व सङ्कलन हुने अनुमान छ । परिवर्तित अन्तःशुल्क दरबन्दी अनुसूची २ मा दिइएको छ । अन्तःशुल्कसम्बन्धी अन्य व्यवस्था यथावत् कायम गरिएको छ ।

५.३५ बिक्रीकर लाग्ने वस्तुहरूको दरबन्दीमा सामञ्जस्य कायम राख्न केही वस्तुहरूमा लाग्ने बिक्रीकर दरबन्दीमा हेरफेर गरेको छु । साथै सुख्खा फलफूल, सुपारी, पानमसला, खेल्ने तास जस्ता वस्तुहरूमा लाग्ने बिक्रीकरको दर केही बढाएको छु । यी दरहरू आजैदेखि लागू हुनेछन् । संशोधित बिक्रीकरका दरहरू अनुसूची ३ मा दिइएको छ । बिक्रीकरमा गरिएको उपर्युक्त परिवर्तनबाट रू. ३ करोड थप राजस्व प्राप्त हुने अनुमान छ ।

५.३६ उल्लिखित परिवर्तनहरूबाहेक बिक्रीकरसम्बन्धी अन्य व्यवस्था यथावत् कायम राखेको छु । करतर्फ प्रशासनिक सुधारबाट रू. ८ करोड थप राजस्व सङ्कलन हुने अनुमान छ ।

५.३७ मैले आर्थिक वर्ष २०४६।४७ को आय-व्यय विवरण पेश गर्दा जम्मा रू. २ अरब २५ करोड न्यून हुने उल्लेख गरेको थिएँ । त्यसमध्ये प्रशासकीय सुधारबाट रू. १७ करोड २० लाख तथा कर परिवर्तनबाट रू. ३२ करोड ८० लाख गरी कुल रू. ५० करोड प्राप्त हुने भई रू. १ अरब ७५ करोड न्यून हुन जाने अनुमान छ । यसलाई गैरबैंकिङ क्षेत्रबाट रू. ६० करोड र बैंकिङ क्षेत्रबाट रू. १ अरब १५ करोड गरी जम्मा रू. १ अरब ७५ करोड आन्तरिक ऋण उठाई पूर्ति गरिनेछ ।

## ६

६.१ प्रस्तुत बजेट नेपाल–भारत व्यापार तथा पारवहन सम्बन्धमा अकस्मात आइपरेको गतिरोधबाट आर्थिक क्षेत्रमा परेका समस्या र त्यसबाट उत्पन्न प्रतिकूल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रभाव न्यूनतम पार्दै आधारभूत आवश्यकता परिपूर्ति गर्ने क्रमलाई अगाडि बढाउने, आर्थिक गतिविधि र विकासको गतिलाई सामान्य तुल्याउने, मूल्य वृद्धिको चापलाई न्यून गर्ने, आपूर्ति र वितरण व्यवस्थालाई सुसञ्चालन गरी जनतालाई राहत दिने र वित्तीय क्षेत्रको विकास गरी बढी साधन र स्रोत परिचालन गर्ने लक्ष्यतर्फ उत्प्रेरित छ ।

६.२ देशलाई आइपरेको वर्तमान सङ्कट पार गर्न श्री ५ को सरकारको प्रयासले मात्र सम्भव छैन । आज राष्ट्रिय जीवनको हरेक क्षेत्रमा संकीर्ण सीमित स्वार्थ-परक सोचाइबाट माथि उठेर सृजनशील चिन्तन शैलीको नयाँ लहर देखा परेको छ । यसबाट आत्मनिर्भर र देश विकासको भावनाको नवजागरणको सूत्रपात भएको छ । हरेक स्वाभिमानी नेपालीको निमित्त यो गौरवको कुरा हो र यसबाट श्री ५ को सरकारलाई ठूलो प्रेरणा तथा हौसला मिलेको छ । दैनिक जीवन यापनमा पर्न आएको कठिनाइ तथा असुविधालाई बिलकुल पर्वाह नगरी यसरी एकजुट भई उठ्नु नेपाली जनताको देश, नरेश तथा व्यवस्था प्रतिको अगाध प्रेम तथा भक्ति हो । यो राजनैतिक सुझबुझको द्योतक पनि हो । यस्तो जनसहयोग प्राप्त भएको परिप्रेक्ष्यमा वर्तमान अप्ठेरो सफलतापूर्वक पार गर्न प्रस्तावित बजेट तथा कार्यक्रमले अपेक्षित सघाउ पुऱ्याउनेछ भन्ने विश्वास लिएको छु ।

६.३ भारतसंगको विद्यमान व्यापार तथा पारवहन गतिरोधबाट तत्कालको लागि मुलुकको विकास प्रयासमा प्रतिकूल असर नपरेको होइन तापनि यसले हाम्रो राष्ट्रिय स्वाभिमान र स्वतन्त्रता जगेर्ना गर्न ज्ञानको नयाँ क्षितिज खोलेको छ । यसबाट मुख्यत हामीले हाम्रो आवश्यकताअनुरूप स्वतन्त्र आर्थिक नीति अपनाउन सकिने हुनाले राष्ट्रले निर्माणको लागि दीर्घकालीन वैकल्पिक सम्भावना पहिल्याउन अरू सघाउ पुग्ने कुरामा म विश्वस्त छु ।

६.४ हाम्रो विकास प्रयासमा विदेशी सहायताले महत्त्वपूर्ण भूमिका खेल्दै आएको कुरा मैले यहाँ भनिराख्नु पर्दैन । यस वर्ष फ्रान्सको राजधानी पेरिसमा भएको नेपाल सहायता समूहको बैठकमा सदस्य राष्ट्रहरूले अर्थतन्त्रमा देखिएको सकारात्मक प्रगतिबाट प्रभावित भई श्री ५ को सरकारको आर्थिक क्रियाकलाप, समायोजनको कार्य र आधारभूत आवश्यकता परिपूर्तिका लागि चालिएका कदमहरूको व्यापक समर्थन गरे । प्राकृतिक प्रतिकूलताको बावजूद वाह्य सहयोग सदुपयोग गरी राष्ट्रिय उत्पादनमा उत्साहवर्द्धक वृद्धि गर्न सकेकोमा नेपालको सराहना गर्दै आगामी वर्षहरूमा सहयोगको परिमाण वृद्धि गर्दै लाने प्रतिबद्धता


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दोहोऱ्याएका छन् । कार्यक्रम सहयोगको अनुपात वृद्धि गरिदिने हाम्रो प्रस्तावमा सदस्य राष्ट्रहरू सहमत हुनु यस वर्षको बैठकको विशेष उपलब्धि थियो ।

६.५ वर्तमान परिप्रेक्ष्यमा अर्थतन्त्रलाई गतिशील स्थितिमा ल्याउन वाह्य सहयोग अझ बढी आवश्यक भएको कुरा मैले माथि उल्लेख गरिसकेको छु । यस सन्दर्भमा थप उपयुक्त सहायताको लागि हामीले हाम्रा मित्रराष्ट्रहरू र द्विपक्षीय तथा बहुपक्षीय संघ संस्थाहरूलाई अनुरोध गरिसकेका छौं । नेपालप्रति सबैको पूर्ण सहानुभूति रहेको छ र केही सहयोग प्राप्त भइसकेको पनि छ । अर्थतन्त्रको आवश्यकता अनुसार वाह्य सहयोग मिल्ने कुरामा म विश्वस्त छु । यस अवसरमा हाम्रो विकास प्रयासमा निरन्तर सहयोग गर्दै आएका हाम्रा मित्रराष्ट्रहरू र द्विपक्षीय तथा बहुपक्षीय संघ संस्थाहरूप्रति श्री ५ को सरकारको हार्दिक कृतज्ञता दोहऱ्याउन चाहन्छु ।

६.६ अन्त्यमा श्री ५ महाराजाधिराज सरकारबाट नववर्षको शुभ-उपलक्ष्यमा देशवासीका नाममा बक्सेको सन्देश यहाँ स्मरण गराउन चाहन्छु । "देशमा परेका कठिनाइको बेला हामीले एकातिर धैर्यपूर्वक आत्मसंयम राखी आत्मसम्मानका लागि आत्मनिर्भरताको बाटोमा हिड्नु परेको छ भने अर्कोतर्फ नेपालीहरूले फुटेर होइन जुटेर, आवेशमा आएर होइन होशियार भएर, अभद्र भएर होइन, भद्र भएर देशमाथि आइपरेको बाधा अड्काउ फुकाउन पनि सक्नुपरेको छ ।" राष्ट्रनायक सरकारको देश विकासको क्रममा आइपर्ने बाधा व्यवधानहरू पार गर्दै आत्मनिर्भरतातर्फ अगाडि बढ्ने सदिच्छालाई हृदयंगम गरी तयार पारिएको आगामी वर्षको कार्यक्रमको कार्यान्वयनमा माननीय सदस्यहरू, पञ्च तथा वर्गीय संगठनका कार्यकर्ताहरू, निजी क्षेत्र तथा सर्वसाधारण सबैको सहयोग प्राप्त हुनेछ भन्ने मैले विश्वास लिएको छु ।



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## आय–व्ययको विवरण
## २०४६।४७

रू. हजारमा

| २०४४।४५ यथार्थ | विवरण | २०४५।४६ संशोधित अनुमान | २०४६।४७ अनुमान |
|---|---|---|---|
| १४१०४९७० | कुल खर्च | १५२६०६६५ | २०२४१९९५ |
| ४६७६९८१ | साधारणतर्फ | ५७६५१४६ | ६६५१२०८ |
| ९४२७९८९ | विकासतर्फ | ९४९५५१९ | १३५९०७८७ |
| | खर्च व्यहोर्ने स्रोतहरू | | |
| ७३५०३८० | राजस्व | ७५४०७०१ | ८५००६०० |
| ७३५०३८० | राजस्वको वर्तमान स्रोतबाट | ७५४०७०१ | ८०००६०० |
| | कर परिवर्तनबाट | | ५००००० |
| २०७६७९२ | विदेशी सहायता (अनुदान) | १८१७८८८ | २२२४०१३ |
| १८८१७२७ | द्विपक्षीय | १५०४८८६ | १६९६८५१ |
| १९५०६५ | बहुपक्षीय | ३१३००२ | ५२७१६२ |
| –४६७७७९८ | बचत (+) न्यून (–) | –५९०२०७६ | –९५१७३८२ |
| | न्यून पूर्ति गर्ने स्रोतहरू | | |
| ३८१५८३६ | विदेशी सहायता (ऋण) | ४१६९३८० | ७७६७३८२ |
| ४६२५३४ | द्विपक्षीय | ७५०३१४ | ६०६३२९ |



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 359

| | | | |
|---|---|---|---|
| ३३५३३०२ | बहुपक्षीय | ३४१९०६६ | ७१६१०५३ |
| ११३०००० | आन्तरिक ऋण | १३३०००० | १७५०००० |
| ३३९४०० | गैरबैंकिङ् क्षेत्र | ५००००० | ६००००० |
| ७९०६०० | बैंकिङ क्षेत्र | ८३०००० | ११५०००० |
| (−)२६८०३८ | नगद मौज्दातमा परिवर्तन (− वृद्धि) | ४०२६९६ | |

## राजस्व अनुमान
## २०४६।४७

(रू. हजारमा)

| संकेत संख्या | शीर्षक | उपशीर्षक | वर्तमान स्रोतबाट | कर परिवर्तन र प्रशासनिक सुधारबाट | जम्मा |
|---|---|---|---|---|---|
| | | कुल जम्मा | ८०००६०० | ५००००० | ८५००६०० |
| १.१.१.० | भन्सार महशूल | | २१५७००० | २५०००० | २४०७००० |
| १.१.१.१ | | पैठारीबाट | २१३०००० | २२०००० | २३५०००० |
| १.१.१.२ | | निकासीबाट | २५००० | | २५००० |
| १.१.१.३ | | भारतीय अन्तःशुल्क फिर्ता | | | |
| १.१.१.४ | | भन्सारको अन्य आय | २००० | ३०००० | ३२००० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर | | २८१४२०० | २२५००० | ३०३९२०० |
| १.१.२.१ | | औद्योगिक उत्पादनमा | | | |
| १.१.२.२ | | अन्तःशुल्क | ९१८१०० | १००००० | १०१८१०० |



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| १.१.२.३ | मदभट्टी ठेक्का रकम | ११०० | | ११०० |
| १.१.२.४ | बिक्रीकर | १४४७००० | ३०००० | १४७७००० |
| १.१.२.५ | मनोरञ्जनकर | ३८००० | ५००० | ४३००० |
| १.१.२.६ | होटेलकर | ९४००० | | ९४००० |
| १.१.२.७ | हवाई उडानकर | ७०००० | ३०००० | १००००० |
| १.१.२.८ | ठेक्काकर | २२०००० | | २२०००० |
| १.१.२.९ | सडक पुल सम्भारकर | १८००० | | १८००० |
| १.१.२.९(क) | अन्य | ८००० | ६०००० | ६८००० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | ४००००० | | ४००००० |
| १.१.३.१ | माल तथा मालपोत कार्यालयबाट उठाइने | ६९००० | | ६९००० |
| १.१.३.३ | घर जग्गा रजिष्ट्रेशन दस्तूर | ३३१००० | | ३३१००० |
| १.१.४.० | आय, नाफा र सम्पत्तिकर | ९५५००० | २५००० | ९८०००० |
| १.१.४.१ | आयकर—सरकारी क्षेत्र | २२५००० | | २२५००० |
| १.१.४.२ | आयकर—अर्धसरकारी क्षेत्र | ५००० | | ५००० |
| १.१.४.३ | आयकर—सार्वजनिक क्षेत्र | ३००० | | ३००० |
| १.१.४.४ | आयकर—निजी क्षेत्र | ६२२००० | २५००० | ६४७००० |
| १.१.४.५ | आयकर—पारिश्रमिक | ४०००० | | ४०००० |
| १.१.४.७ | शहरी क्षेत्र घरजग्गाकर | १८००० | | १८००० |
| १.१.४.८ | सवारी साधनकर | २२००० | | २२००० |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| १.१.४.९(क) | व्याजकर | २०००० | २०००० |
| १.१.५.० | दस्तूर, दण्ड जरिवाना र जफत | ५३९७०० | ५३९७०० |
| १.१.५.१ | फर्म रजिष्ट्रेशन दस्तूर | १६००० | १६००० |
| १.१.५.३ | बन्दूक, पिस्तोल रजिष्ट्रेशन दस्तूर | ७०० | ७०० |
| १.१.५.४ | सवारी इजाजत दस्तूर | ८००० | ८००० |
| १.१.५.५ | न्यायिक शुल्क, दण्ड जरिवाना तथा जफत | ३५००० | ३५००० |
| १.१.५.६ | प्रशासनिक दस्तूर, दण्ड जरिवाना तथा जफत | ४८०००० | ४८०००० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरूको बिक्रीबाट प्राप्त आय | ३८८५०० | ३८८५०० |
| १.१.६.१ | पिउने पानी महशूल | ३००० | ३००० |
| १.१.६.२ | पानीपोत | २५०० | २५०० |
| १.१.६.३ | विद्युत महशूल | २००० | २००० |
| १.१.६.४ | हुलाक सेवा | ७२००० | ७२००० |
| १.१.६.५ | खाद्य कृषि क्षेत्रको आय | २६००० | २६००० |
| १.१.६.६ | शिक्षा क्षेत्रको आय | १८००० | १८००० |
| १.१.६.७ | वनक्षेत्रको आय | ८५००० | ८५००० |
| १.१.६.८ | यातायात क्षेत्रको आय | ८५००० | ८५००० |
| १.१.६.९ | अन्य सरकारी क्षेत्रको आय | ९५००० | ९५००० |
| १.१.७.० | लाभांश | २०५७०० | २०५७०० |
| १.१.७.१ | वित्तीय संस्था | १९०००० | १९०००० |
| १.१.७.२ | व्यापारिक संस्था | १२२०० | १२२०० |



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| १.१.७.३ | औद्योगिक संस्था | ३००० | ३००० |
| १.१.७.४ | सेवामूलक संस्था | ५०० | ५०० |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति बिक्री | ९४५०० | ९४५०० |
| १.१.८.१ | खानी रोयल्टी | १५०० | १५०० |
| १.१.८.३ | अन्य रोयल्टी | ८००० | ८००० |
| १.१.८.४ | अन्य बिक्री | ८५००० | ८५००० |
| १.१.९.० | साँवा र व्याज | ४३१००० | ४३१००० |
| १.१.९.१ | साँवा-कम्पनी र संस्थानहरूबाट | २००००० | २००००० |
| १.१.९.२ | व्याज-कम्पनी र संस्थानहरूबाट | २३०००० | २३०००० |
| १.१.९.३ | अन्य साँवा र व्याज | १००० | १००० |
| १.१.९.०(क) | विविध आय | १५००० | १५००० |
| १.१.९.४ | विविध आय | १५००० | १५००० |

राजस्व असूली विवरण

(रू. हजारमा)

| संकेत संख्या | शीर्षक | उपशीर्षक | २०४४।४५ को यथार्थ | २०४५।४६ को संशोधित अनुमान |
|---|---|---|---|---|
| | | कुल जम्मा | ७३५०३८० | ७५४०७०१ |
| १.१.१.० | भन्सार महशूल | | २२१४७०२ | २२४९४१० |
| १.१.१.१ | | पैठारीबाट | १९८४२३० | २०९४३६० |
| १.१./१.२ | | निकासीबाट | १०७९०१ | ६१८६० |



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
254

| | | | |
|---|---|---|---|
| १.१.१.३ | भारतीय अन्तःशुल्क फिर्ता | १२१२२२ | ९१६२० |
| १.१.१.४ | भन्सारको अन्य आय | १३४९ | १५७० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर | २५२९५४८ | २६२७९२० |
| १.१.२.१ | औद्योगिक उत्पादनमा अन्तःशुल्क | ८२२४३४ | ८४३१७० |
| १.१.२.२ | मदभट्टी ठेक्का रकम | २९२४ | १२४० |
| १.१.२.३ | बिक्रीकर | १३००५२१ | १३५४४९० |
| १.१.२.४ | मनोरञ्जनकर | ३२२९१ | ३१७४० |
| १.१.२.६ | होटेलकर | ८०५७९ | ९२१२० |
| १.१.२.७ | हवाई उडानकर | ६५३८६ | ६६१७० |
| १.१.२.८ | ठेक्काकर | १९९१३१ | २१०१८० |
| १.१.२.९ | सडक पुल सम्भार कर | २४७८२ | २१७७० |
| १.१.२.९(क) | अन्य कर | १५०० | ७०४० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | ३६८४२४ | ३७६७८० |
| १.१.३.१ | माल तथा मालपोत कार्यालयबाट उठाइने | ८०६७९ | ६८१३० |
| १.१.३.३ | घर जग्गा रजिष्ट्रेशन दस्तूर | २८६२०६ | ३०६७७० |
| १.१.३.४ | टिकट दस्तूर | १५३९ | १८८० |
| १.१.४.० | आय, नाफा र सम्पत्तिकर | ६४१७३१ | ९१००११ |
| १.१.४.१ | आयकर-सरकारी क्षेत्र | १९३१६२ | २११३२३ |
| १.१.४.२ | आयकर-अर्धसरकारी क्षेत्र | १८६३ | ४२२६ |
| १.१.४.३ | आयकर-सार्वजनिक क्षेत्र | १९१९ | २५९६ |
| १.१.४.४ | आयकर-निजी क्षेत्र | ३४८६०७ | ५९१७०४ |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| १.१.४.५ | आयकर-पारिश्रमिक | ३३४१६ | ३५४४२ |
| १.१.४.७ | शहरी क्षेत्र घर जग्गाकर | १७३९६ | १६७६० |
| १.१.४.८ | सवारी साधनकर | २८२५९ | ३१५१० |
| १.१.४.९(क) | ब्याजकर | १७१०९ | १६४५० |
| १.१.५.० | दस्तूर, दण्ड जरिवाना र जफत | ६७६४७४ | ४६६५०० |
| १.१.५.१ | फर्म रजिष्ट्रेशन दस्तूर | १२९२५ | १९३२० |
| १.१.५.३ | बन्दूक, पिस्तोल, रजिष्ट्रेशन दस्तूर | ९५१ | ४८० |
| १.१.५.४ | सवारी इजाजत दस्तूर | ९१०३ | ९८०० |
| १.१.५.५ | न्यायिक शुल्क, दण्ड जरिवाना तथा जफत | २७३४२ | २६९०० |
| १.१.५.६ | प्रशासनिक दस्तूर, दण्ड जरिवाना तथा जफत | ६२६१५३ | ४१०००० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरूको बिक्रीबाट प्राप्त आय | ३४८१६३ | ३३७७९० |
| १.१.६.१ | पिउने पानी महशूल | १७६५ | १६५० |
| १.१.६.२ | पानीपोत | ३५९२ | १५९० |
| १.१.६.३ | विद्युत् महशूल | २१८७ | ८०० |
| १.१.६.४ | हुलाक सेवा | ६०६३३ | ६६४२० |
| १.१.६.५ | खाद्य कृषि क्षेत्रको आय | २३१६६ | २२६७० |
| १.१.६.६ | शिक्षा क्षेत्रको आय | १०६२६ | १५२८० |
| १.१.६.७ | वनक्षेत्रको आय | १०१०८१ | ७८००० |
| १.१.६.८ | यातायात क्षेत्रको आय | ४४५८३ | ६१३८० |
| १.१.६.९ | अन्य सरकारी क्षेत्रको आय | १००५३० | ९०००० |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| १.१.७.० | लाभांश | ११७१७८ | १९५६८० |
| १.१.७.१ | वित्तीय संस्था | ११५०६५ | १७९८२० |
| १.१.७.२ | व्यापारिक संस्था | १६१ | ११९६० |
| १.१.७.३ | औद्योगिक संस्था | १९४९ | ३९०० |
| १.१.७.४ | सेवामूलक संस्था | ३ | ० |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति बिक्री | २५७१२ | ४८४०० |
| १.१.८.१ | खानी रोयल्टी | ५८५६ | २५२० |
| १.१.८.३ | अन्य रोयल्टी | ५९१८ | ८४५० |
| १.१.८.४ | अन्य बिक्री | १३९३८ | ३७४३० |
| १.१.९.० | साँवा र व्याज | ३५८६२५ | ३१५७३० |
| १.१.९.१ | साँवा-कम्पनी र संस्थानहरूबाट | १५०४१९ | १५२००० |
| १.१.९.२ | व्याज-कम्पनी र संस्थानहरूबाट | २०७४११ | १६३००० |
| १.१.९.३ | अन्य साँवा र व्याज | ७९५ | ७३० |
| १.१.९.०(क) | विविध आय | ६९८२३ | १२४८० |
| १.१.९.४ | विविध आय | ६९८२३ | १२४८० |

## साधारण बजेटः व्यय अनुमान

(रू. हजारमा)

| मुख्य शीर्षक | अनुदान संख्या | उपशीर्षक | २०४४।४५ यथार्थ | २०४५।४६ संशोधित अनुमान | २०४६।४७ अनुमान |
|---|---|---|---|---|---|
| १ | १.१ | श्री ५ महाराजाधिराज तथा राजपरिवार | २८२४५ | ३३२५५ | ४२४०५ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ([illegible])

| | | | | | |
|---|---|---|---|---|---|
| संवैधानिक अङ्ग | | | | | |
| | १.२ | राजसभा | २४२४ | ३७४६ | ३५०२ |
| | १.३ | राष्ट्रिय पञ्चायत | १११६९ | १५८७५ | १६१६० |
| | १.४ | महालेखा परीक्षकको विभाग | ११०२० | १३४०६ | १५९६७ |
| | १.५ | सर्वोच्च अदालत | ५०६० | ६५५६ | ७३३० |
| | १.६ | लोक सेवा आयोग | १५३८६ | १३७६१ | १५०२२ |
| | १.७ | निर्वाचन आयोग | ३२१० | ६२५८ | ६९२२ |
| | १.८ | अख्तियार दुरूपयोग निवारण आयोग | १७९३ | २३४८ | २३१३ |
| | १.९ | महान्यायाधिवक्ताको कार्यालय | २२६३ | २७१५ | ३०६४ |
| | १.१० | पञ्चायत नीति तथा जाँचबुझ समिति | २५६२४ | ३७७९१ | ३१७०५ |
| २ | | | | | |
| साधारण प्रशासन | २.१ | मन्त्रिपरिषद् | ५२७८ | ९४२३ | १०४१८ |
| | २.२ | श्री ५ को सरकारको सचिवालय | ७८५०७ | १०७७७० | १३१३३५ |
| | २.३ | जिल्ला प्रशासन | ५६६८१ | ६६८८० | ७५८२८ |
| | २.४ | प्रहरी | ४६२२५७ | ६०६३२१ | ६९३१७३ |
| | २.५ | कारागार | ३१९८२ | ३९४५९ | ५१८५७ |
| | २.६ | विविध | ३९५४६ | ५४६६८ | ६२८१७ |
| | २.७ | प्रशासन सुधार | १५०० | २४०० | २४०० |
| ३ | | | | | |
| राजस्व प्रशासन | ३.१ | मालपोत | ४२४८६ | ५५०८८ | ६२१५२ |

मुद्रण विभाग, सिंहदरबार

| | | | | | |
|---|---|---|---|---|---|
| | ३.२ | भन्सार | ३१८०७ | ३९३६३ | ३८६६५ |
| | ३.३ | अन्तःशुल्क | ११३०८ | १४३४८ | १५५६० |
| | ३.४ | कर | १४९६५ | १८८८८ | २२२४४ |
| | ३.५ | राजस्व न्यायाधिकरण | ४५४ | ५६५ | ५४८ |
| ४ | | | | | |
| आर्थिक | ४.१ | योजना | २०५१ | ३९३६ | ३२२६ |
| प्रशासन र | ४.२ | तथ्याङ्क | २१३९ | ३२३५ | ३३८४ |
| योजना | ४.३ | महालेखा नियन्त्रक कार्यालय | ३४०१३ | ४४३१६ | ४४९५९ |
| ५ | | | | | |
| न्याय | ५.१ | अदालत | ७०५८२ | ९०८५३ | ९८४७९ |
| प्रशासन | ५.२ | अ. दु. नि. पुनरावेदन अदालत | ४२६ | ५२९ | ४९३ |
| ६ | | | | | |
| वैदेशिक | ६.१ | वैदेशिक सेवा | ८८९२३ | १२१७६८ | १३७०२० |
| सेवा | ६.२ | विविध | १८०१० | १९७६० | २१३९७ |
| ७ | | | | | |
| रक्षा | ७.१ | रक्षा | ६३८०३२ | ८५१३६८ | ९०५७५७ |
| | ७.२ | विविध | १३०३३४ | १४२८९५ | २०८२९० |
| ८ | | | | | |
| सामाजिक | ८.१ | शिक्षा | २६२५४८ | ३४०४८९ | ३४९४२३ |
| सेवाहरू | ८.२ | स्वास्थ्य | २०४०५२ | [illegible]७४९७८ | ३१८६०३ |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| | ८.३ | पिउने पानी | १४६३७ | १६६२५ | २५४० |
| | ८.४ | पञ्चायत तथा स्थानीय विकास | २८७११ | ३१८०० | ९५८० |
| | ८.५ | अन्य सामाजिक सेवाहरू | ५२०६७ | ४८६२९ | १०४९६६ |
| ९ | | | | | |
| आर्थिक | ९.१ | कृषि | ९०२६ | ३३९८४ | ३६७४१ |
| सेवाहरू | ९.२ | सिंचाइ | ७८८३ | ८४०० | १२६९९ |
| | ९.३ | भूमिसुधार | २९६१७ | १५०४६ | १३०५१ |
| | ९.४ | नापी | १२६८७ | १६२३४ | १५८९२ |
| | ९.५ | वन | १४५६५ | १८३९५ | २०१९६ |
| | ९.६ | उद्योग तथा खानी | १४५१० | १७२९३ | १७००७७ |
| | ९.७ | सञ्चार | १०७८८७ | १७६०९० | १९२२२८ |
| | ९.८ | यातायात | ८७९५९ | १२२११३ | १३७७४४ |
| | ९.१० | अन्य आर्थिक सेवाहरू | ५४७३ | ९७५३ | ९३६८ |
| १० | | | | | |
| ऋण तथा लगानी | १०.१ | ऋण र लगानी | २५७३ | ८५०० | ९५०० |
| ११ | | | | | |
| साँवा र | ११.१ | साँवा भुक्तानी | ३९७४९१ | ४८८४४८ | ५८१९१५ |
| ब्याज भुक्तानी | ११.२ | ब्याज भुक्तानी | १०९८९९७ | १२०५११२ | १५०४२२५ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

| | | | | | |
|---|---|---|---|---|---|
| १२ विविध | १२.१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | २५१७१ | ५५००० | ४५००० |
| | १२.२ | निवृत्तभरण, भत्ता तथा उपदान | १०२३३९ | १२५५०० | १५६५०० |
| | १२.३ | अतिथि सत्कार | १०९५ | १००० | १००० |
| | १२.४ | आकस्मिक सहायता, चन्दा र पुरस्कार | २१ | २०० | २०० |
| | १२.५ | मुआब्जा | ९७२ | २००० | १५००० |
| | १२.६ | अन्य | २१११७५ | २३३०३० | २४३३६८ |
| | १२.७ | भैपरी आउने | ११८०५० | ८६९८३ | १२०००० |
| | | जम्मा | ४६७६९८१ | ५७६५१४६ | ६६५१२०८ |

विकास बजेट : व्यय अनुमान

(रू. हजारमा)

| मुख्य शीर्षक | अनुदान संख्या | उपशीर्षक | २०४४।४५ यथार्थ | २०४५।४६ संशोधित अनुमान | २०४६।४७ अनुमान |
|---|---|---|---|---|---|
| २ साधारण प्रशासन | २.७ | प्रशासन सुधार | २४४४५ | ३४०३४ | १६३७० |
| ४ आर्थिक प्रशासन र योजना | ४.१ | योजना | १५८२ | ३०२१ | ६८८५ |
| | ४.२ | तथ्याङ्क | ४२९६ | ४९९६ | ११२३० |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०२

| | | | | | |
|---|---|---|---|---|---|
| ८ सामाजिक सेवाहरू | ८.१ | शिक्षा | १२२६८१० | १०४१४४० | १७३६१४६ |
| | ८.२ | स्वास्थ्य | ३८५१६६ | ५६२०८६ | ६१४९०७ |
| | ८.३ | पिउने पानी | २३६२९४ | ३०१७६१ | ६६०८९५ |
| | ८.४ | पञ्चायत तथा स्थानीय विकास | ४४२६५८ | ३३९९०७ | ५२१६७५ |
| | ८.५ | अन्य सामाजिक सेवाहरू | १४२४१८ | १७८४८४ | ८००९९७ |
| ९ आर्थिक सेवाहरू | ९.१ | कृषि | ९२८९२४ | ८७६१७७ | १३८२६६७ |
| | ९.२ | सिंचाइ | ८५४६९९ | ११८३८७६ | १३५१६३३ |
| | ९.३ | भूमिसुधार | १९५६२ | २०३६९ | ४३६४२ |
| | ९.४ | नापी | ७२१०४ | ६७९३२ | ६९७३४ |
| | ९.५ | वन | ४४९५९६ | ४२२१६१ | ६३८५६० |
| | ९.६ | उद्योग तथा खानी | ६०३९९३ | ७४५२३५ | ७८९०६२ |
| | ९.७ | सञ्चार | ५१८९८४ | ४०८११२ | १२४३१२ |
| | | (क) हुलाक | ३१७८ | ८०८४ | ४३१२ |
| | | (ख) दूरसञ्चार | ५१५८०६ | ४०००२८ | १२०००० |
| | ९.८ | यातायात | १२१४६२३ | १३३००९२ | २६६८५९९ |
| | | (क) सडकहरू | ९५८४२९ | ११५६८३१ | १९३००४७ |
| | | (ख) पुलहरू | ११२३८२ | ६५९८२ | ११५९२९ |
| | | (ग) हवाई | १४२९७४ | ७९८८० | ५७४३३६ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

| | | | | | |
|---|---|---|---|---|---|
| | | (घ) अन्य यातायात | ८३८ | २७३९९ | ४८२८७ |
| | ९.९ | विद्युत् | १९२४६५५ | १२४५९३९ | ११२४८८२ |
| | ९.१० | अन्य आर्थिक सेवाहरू | १६४५९९ | १३७६१५ | ३१३५९१ |
| | | (क) वाणिज्य | १३५१७ | २५६८१ | ४४३५० |
| | | (ख) श्रम | ६४९६ | १३६८६ | ८८४४ |
| | | (ग) पर्यटन | १११४०५ | १४७३१ | २०७४८ |
| | | (घ) हावापानी तथा जल विज्ञान | १३२०९ | १५६४७ | १८७७० |
| | | (ङ) अन्य | १९९७२ | ६७८७० | २२०८७९ |
| १२ | १२.६ | अन्य | ८०२७२ | २१३२०० | ४५५००० |
| विविध | १२.७ | भँपरी आउने | १३२३०९ | ३७९०८२ | २६०००० |
| | | जम्मा | ९४२७९८९ | ९४९५५१९ | १३५९०७८७ |

आज्ञाले,
शशिनारायण शाह
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

404